# शिवराज नगरपालीकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना, २०७९

# Water, Sanitation and Hygiene (WASH) Plan of Shivaraj Municipality, 2022

प्रकाशक :
शिवराज नगरपालीका
कपिलवस्तु

# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०७८/०७९

चलानी नम्बर : मिति :२०७९/०४/३१

नगर प्रमुखको कलमबाट

शिवराज नगरपालिका को खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा हालको अवस्था पत्ता लगाइ नगरपालिकामा सरल र उच्चतम सूचना प्रबिधि NWASH मोबाइल एप्लिकेसन" को सहायताले सबै घरधुरीहरु, सार्वजनिक स्थल , संस्थाहरु र विद्यालयहरु को भौगोलिक अवस्थिति (GPS) सहितको तथ्याङ्क संकलनको प्रतिफल स्वरुप विश्वसनीय अनि निर्णयकर्ताहरुको लागि अत्यन्त उपयोगी यो शिवराज नगरपालिका खानेपानी सरसफाई र स्वच्छता गुरु योजना (वास मास्टर प्लान) तयार गर्न नगरपालिका सफल भएको छ । वास प्लान तयार गर्दाका विभिन्न स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा नतिजाहरुलाई विश्लेषण गरी तयार गरिएको यो वास मास्टर प्लान प्रतिवेदन नगरपालिकाको अमूल्य सम्पतिका रुपमा रहन प्रत्येक घरधुरीगत सार्वजानिक स्थलहरु, विद्यालयहरु र संस्थाहरुको वास क्षेत्र सम्बन्धित तथ्याङकहरु आवश्यकता अनुसार विश्लेषण गरी तथा कार्यान्यवयनका लागि निकै उपयोगी हुनेछन् । यसले हामी निर्णयकर्ता हरुलाई पारदर्शी र वस्तुपरक ढंगले निर्णय लिन निकै सजिलो बनाउने छ ।

संकलन गरिको तथ्याङ्क र त्यसबाट तयार गरिएका नक्साहरु अन्य विकास निर्माणको गतिविधिहरुको निर्णय तथा कार्यान्वयन गर्न उपयोगी हुने देखिएका छन । सम्भवत: यस्तो प्रविधिमैत्री नगरपालिका वास योजना बनाउने शिवराज नगरपालिकाका लागि थप जिम्मेवारी बोध समेत भएको छ ।

सन २०३० सम्म शिवराज नगरपालिकामा सबैलाई सुरक्षित खानेपानी, सुरक्षित सरसफाई र स्वच्छताको लक्ष्य हासिल गर्न यो वास योजनाको सफल कार्यान्वयनको लागि नगरपालिकाको तर्फ बाट पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु र नगरपालिका वास योजना अनुसारको लक्ष्य समयमै हासिल गर्न नेपाल सरकार, लुम्बिनि प्रदेश सरकार, विकास साझेदार दातृ निकायहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु र अन्य सबै सरोकारवाला पक्षहरुबाट अमुल्य सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । नगरपालिका एक्लैको पहलमा मात्र निर्धारित लक्ष्य हासिल नहुने कुरा पक्का नै छ , तसर्थ शिवराज नगरबासी आदरणीय जनसमुदायहरु, राजनैतिक दलहरु, समाजसेवी-बुद्धिजीवी सबैको सल्लाह सुझाव अनि साथ र सहयोग मिल्नेछ भन्ने अपेक्षा गर्दछु ।

शिवराज नगरपालिका को वास योजना तयार गर्नका लागि आर्थिक सहयोग उपलब्ध गराउने युनीसेफ नेपाल प्रति हामी धेरै अभारी छौ र धन्यवाद ज्ञापन गर्न चाहन्छौ । यो वास गुरुयोजना तयार गर्न ठुलो योगदान दिने तथ्याङ्क संकलकहरु, सहकर्मी जनप्रतिनिधिमित्रहरु, वडातह तथा पालिका तहका वास योजना कार्यदलका सदस्यहरु लगायत नगरपालिकाका कर्मचारी मित्रहरु लगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्याउनु हुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

शिवराज नगरपालिकाको सबैका लागि सुरक्षित खानेपानी, सरसफाई र स्वच्छताको लक्ष्य हासिल गर्ने अभियानमा सबै सरोकारवाला पक्षहरुको साथ, सल्लाह-सुझाव र सहयोग प्राप्त हुनेछ र वास योजनाको सफल कार्यान्वयन गर्न शिवराज नगरपालिका सफल हुनेछ भन्ने विश्वास प्रकट गर्न चाहन्छु ।
धन्यवाद ।

...............................
अजय थापा
नगर प्रमुख

# विषय सूचि

तालिका सुचिः.......... **Error! Bookmark not defined.**

**अध्याय १. खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजनाको परिचय.......... 7**

१.१. पृष्ठभुमी.......... 7

१.२.औचित्य.......... 9

१.३. उद्देश्य.......... 9

१.४. समयावधि.......... 10

१.५. अध्ययनका सिमा.......... 10

१.६. तयारी विधि र प्रकया.......... 10

१.६.१ वास योजनाको ढांचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन.......... 10

१.६.२ नगरपालिका स्तरिय अभिमुखिकरण गोष्ठी तथा सहमति निर्माण.......... 11

१.६.३ तथ्याङ्क संकलन तथा लेखाजोखा.......... 11

१.६.४ तथ्याङ्क प्रशोधन, विश्लेषण र मस्यौदा तयारी.......... 11

१.६.५ वास योजना प्रमाणिकरण गोष्ठि.......... 11

१.६.६ वास योजना तयारी तथा सार्वजनिकिकरण.......... 12

**अध्याय २ : शिवराज नगरपालिकाको वस्तुगत विवरण.......... 13**

२.१ भौगोलिक अवस्थिति र बनोट.......... 13

२.२ पहुंच.......... 15

२.३ भुउपयोग तथा वातावरण.......... 15

२.४ जात जाति र जनसांख्यिक विवरण.......... 16

२.५ आर्थिक गतिविधि र पेशा.......... 18

२.६ जनसंख्याको गतिशिलता र बसाई सराइ.......... 18

२.७ भौतिक पुर्वाधार.......... 18

२.८ नगरपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरु र वास योजनाको सम्वन्ध.......... 19

२.९ वास क्षेत्रमा कार्यरत बिकासका साझेदारहरु.......... 19

३.१ शिवराज नगर पालिकाको खानेपानिको अवस्था.......... 20

३.१.१ नगरपालिकामा खानेपानीको पंहुच.......... 20

३.१.२ मौजुदा खानेपानी प्रणालीहरु.......... 20

३.१.३ खानेपानीको सेवा को अवस्था र वर्गिकरण.......... 21

३.१.४ निर्माणाधिन खानेपानी प्रणालीहरु.......... 22

३.१.५ अन्य निकायबाट प्रस्तावित खानेपानी प्रणालीहरु.......... 23

३.१.६ मौजुदा खानेपानी योजनाहरुको कार्यक्षमता तथा सुचारुपन (Functionality status) ........ 23
३.१.७ खानेपानी योजनाहरुको दिगोपना (Sustainability status) ........ 23
३.१.८ संस्थागत (शैक्षिक संस्था र स्वास्थ्य संस्था) खानेपानी सुविधा ........ 24
३.१.९ चुनौतिहरु........ 24
३.२ सरसफाई तथा स्वच्छताको अवस्था ........ 25
३.२.१ घरयासी सरसफाई तथा स्वच्छताको अवस्था........ 25
३.२.२ सार्वजनिक र सामुदायिक शौचालय ........ 28
३.२.३ शैक्षिक संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था........ 29
३.२.४ स्वास्थ्य संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था ........ 29
३.२.५ महिनावारी स्वच्छता व्यवस्थापन अवस्था........ 30
३.२.६ महामारीको प्रकोप ........ 30
३.४ खानेपानी गुणस्तर अवस्था ........ 30
३.५ विपद जोखिम तथा जलवायु परिवर्तन असर र स्थानिय अनुकुलका प्रयासहरु........ 30
३.६ योजना कार्यँन्वयनमा जनताको चासो र योगदानका लागि तत्परता ........ 32
**अध्याय ४ : खानेपानि, सरसफाई तथा स्वच्छता लक्ष्य र रणनिति ........ 34**
४.१ खानेपानि, सरसफाई तथा स्वच्छता योजनाको सोच, परिलक्ष्य तथा लक्ष्य ........ 34
४.२ खानेपानी, सरसफाई र स्वच्छताका लक्ष्य........ 34
४.२.१ खानेपानी (निर्माण, मर्मत, स्तरोन्नति र गुणस्तर)........ 34
४.२.२ पूर्ण सरसफाई यूक्त समुदाय ........ 34
४.२.३ विद्यालय पूर्ण सरसफाइ........ 35
४.२.४ कार्यालय र स्वास्थ्य संस्थाहरुमा खानेपानी र सरसफाइ........ 35
४.२ राष्ट्रिय लक्ष्य, अवधि र रणनिति (क्षेत्रगत सुधार योजना) संगको मिलान ........ 36
४.३ खानेपानि योजनाहरुको सेवा स्तर र सुविधामा पंहुच ........ 37
४.४ सरसफाई तथा स्वच्छता लक्ष्य ........ 37
४.५ खानेपानि, सरसफाई तथा स्वच्छता कार्यान्वयन रणनिति ........ 38
४.६ पुर्ण सरसफाई प्राप्ति लक्ष्य........ 39
५.१ खानेपानी तथ सरसफाई योजनाहरुको प्राथमिकिकरणका आधारहरु........ **Error! Bookmark not defined.**
५.२ खानेपानी योजनाहरुको पहिचान तथा योजना ........ 40
५.२.१ नयां खानेपानी योजनाहरु ........ 40
५.२.२ संचालित खानेपानी योजनाहरुको मर्मत सम्भार, पुननिर्माण, स्तरोन्नती ........ 41
५.२.३ खानेपानी सुरक्षा योजना, गुणस्तर पहिचान तथा गुणस्तर सुनिश्चितता ........ 41
५.३ सरसफाई योजनाहरुको पहिचान तथा योजना........ 41
५.३.१ घरयासी शौचालय निर्माण तथा स्तरोन्नति........ 41

५.३.२ संस्थागत शौचालय (विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक) निर्माण तथा स्तरोन्नति....42
५.३.३ व्यवस्थित ठोस फोहोर व्यवस्थापन योजना....43
५.३.४ व्यवस्थित ढल व्यवस्थापन योजना....44
५.३.५ महिनावारी स्वास्थ्य व्यवस्थापन योजना....44
५.३.६ साबुनपानीले हात धुने कार्य योजना....44
५.४ विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन योजना....44
५.४.१ विपद जोखिम व्यवस्थापन....44
५.४.२ जलवायु परिवर्तन अनुकुलन....45
५.५ वैकल्पिक प्रविधि....46
५.६ पालिका स्तर तथा समुदाय स्तर क्षमता विकास योजना....46
५.६.१ पालिका स्तर क्षमता अभिबृद्धि योजना....46
५.६.२ समुदाय स्तर क्षमता अभिबृद्धि योजना....47
५.७ पुरक विषय सवाल (Cross-cutting Issues) र सम्वोधन योजना....47
५.७.१ लैगिंक तथा समावेसिकरण मुलप्रवाहिकरण....47
५.७.२ प्रयोगकर्ता मैत्रि संरचना निर्माण योजना....47
**अध्याय ६ : श्रोत विश्लेषण....49**
६.१ आवस्यक बजेट....49
६.१.१ खानेपानी सेवा नयां निर्माण तथा स्तरोन्नतिका लागि आवधिक योजना....49
६.१.२ घरयासी सरसफाई सेवा सुधारका लागि आवधिक योजना....49
६.१.३ संस्थागत सरसफाई सेवा सुधारका लागि आवधिक योजना....49
६.१.४ ठोस फोहोर व्यवस्थापन आवधिक योजना....50
६.१.५ ढल व्यवस्थापन कार्यक्रम आवधिक योजना....50
६.२ बजेट आंकलन....51
६.३ उपलब्ध बजेट र नपुग बजेट....52
**अध्याय ७ : संस्थागत संरचना र क्षमता अभिवृद्धि....53**
७.१ नगरपालिकाको वास संरचना....53
७.२ नगरपालिकामा वास क्षेत्रमा कार्यरत अन्य संस्थाहरु र कार्यक्रम....53
७.२.१ युनिसेफ ASWA II....53
७.२.२ सुआहारा....53
७.३ नगरपालिका वास संयुक्त कोष....54
७.४ संस्थागत संरचना तथा क्षमता विकास आवश्यकता....54
७.४.१ संस्थागत संरचना....54

७.४.१ संस्थागत क्षमता अभिवृद्धि .......... 55
७.५ समन्वय, सम्वन्ध तथा अनुगमन मुल्याङ्कन र गुरुयोजना परिमार्जन.......... 55
७.५.१. योजना कार्यन्वयन अवधारणा.......... 55
७.५.२. अनुगमन योजना (Monitoring of Plan).......... 55
७.५.३. वास योजना परिमार्जन.......... 56
७.६ सिकाईहरु.......... 56
७.७ भावि कार्यदिशा.......... 56
**अध्याय ८ : अनसुचिहरु .......... 57**
अनुसचि ८.२ मौजुदा खानेपानी योजनाहरुको सेवा विस्तार तथा सुचारुपन लागत.......... 57
अनुसचि ८.३ नयां खानेपानी योजनाहरुको निर्माण योजना .......... 57
अनुसुची ८.४ खानेपानी योजनाहरुको दिगोपना (Sustaimnability) .......... 58
अनुसचि ८.५ वास समन्वय समितिहरु.......... 59
अनुसुचि ८.६ वास क्षेत्रका सरोकारवाला संस्थाहरु र जिम्मेवारी.......... 60
अनुसुची ८.७ घरपरिवार तहमा शौचालयहरुको विवरण .......... 66
अनुसुचि ८.८ विद्यालयको सरसफाईको विवरण .......... 66
अनुसुचि नं ८.९ स्वास्थ्य संस्थाहरुको पानी र सरसफाईको अवस्था .......... 70
अनुसुचि ८.१० नगरपालिका बैठकका निर्णयहरु .......... 71
अनुसुचि ८.११ वास कार्ययोजना .......... 73

# अध्याय १. खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजनाको परिचय

## १.१. पृष्ठभुमी

खानेपानी तथा सरसफाईलाई जनताको मौलिक अधिकारको रुपमा स्थापित गर्ने विश्वका सिमित देशहरु मध्ये नेपाल पनि एक हो । नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्यको धारा ३५ को उपधारा ४ मा "प्रत्येक नागरिकलाई खानेपानी तथा सरसफाईमा पंहुचको हक हुनेछ" भन्ने व्यवस्था गरिएको छ । संविधानमा परिकल्पना गरिए अनुसारको खानेपानी तथा सरसफाईसेवा सबै नागरिकको पहुँच सम्म पु¥याउनका लागि स्थानिय सरकारको संरचनागत सुदृढिकरण तथा क्षमता अभिबृद्दि गर्नु अपरिहार्य छ । बर्तमान परिवेशमा सरसफाइ र स्वच्छताको दायरा फराकिलो भएर प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रुपमा रुपान्तरित भइ विकासको अभिन्न अंगको रुपमा स्थापित भएको छ ।

जुन सुकै समयमा, जो सुकैलाइ र जहाँसुकै पनि प्राप्त हुने, सुरक्षित, पर्याप्त, सुलभ, स्वीकार्य र खर्च बहन सामर्थ्र्ययोग्य खानेपानी, सरसफाई र स्वच्छता सेवाको माध्यमबाट सार्वजनिक स्वास्थ्य र जिवनस्तरमा सुधार गर्नु नेपाल सरकारको वास क्षेत्रको प्रमुख लक्ष्य रहेको छ । सो लक्ष्य प्राप्तीका लागि नेपाल सरकारको खानेपानी मन्त्रालय अन्तरगत खानेपानी तथा ढल व्यवस्थापन विभागल नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (Sector Development Plan) २०७४-२०८७ (ड्राफ्ट) तयार गरेर योजनाबद्ध रुपले खानेपानी र सरसफाईको पहुंच जनता सम्म पु¥याउने रणनितिहरु तय गरि गरेको छ ।

संयुक्त राष्ट्र संघ द्वारा प्रतिपादित दिगो विकास लक्ष्य नं ६ को १ र २ मा सन् २०३० सम्ममा विश्वका सम्पुर्ण जनतालाई स्वच्छ दिगो खानेपानी तथा सरसफाई सेवाको उपलब्धता सुनिस्चीत गर्ने उल्लेख गरिएको छ । नेपाल सरकारले संयुक्त राष्ट्र संघद्वारा प्रतिपादित दिगो विकास लक्ष्य कार्यान्वयनका लागि लागि प्रतिवद्दता जनाई सकेको सन्दर्भमा स्थानिय सरकारहरुले दिगो र व्यवस्थित खानेपानी तथा सरसफाईको सुनिश्चितताका लागि योजनाबद्द तवरले अगाडी बढनु अपरिहार्य भएको छ ।

नेपालले क्षेत्रिय र अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेको प्रतिबद्धता र हस्ताक्षरकर्ताको रूपमा खानेपानी र सरसफाइको लक्ष्य प्राप्ति र दिगो व्यवस्थापनका लागि अहिले सम्म गरिएका प्रयत्नहरुमा अझ तीब्रता दिनुपर्ने देखिन्छ । खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी भएका प्रयासहरुमा प्राकृतिक प्रकोप प्रमुख चुनौतीको रुपमा देखा परेको छ । नेपालमा भूकम्प, बाढी, पहिरो, भूक्षय, हुरी, अतिवृष्टि, अनावृष्टि, अल्पवृष्टि आदिका कारण खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रहरु नराम्रोसँग प्रभावित हुने गरेका छन् ।

पूर्ण सरसफाई मार्गदर्शन २०७३ अनुसार पूर्ण सरसफाइका क्रियाकलापहरुलाइ सफा र स्वच्छ क्षेत्र र पूर्ण सरसफाइ उन्मुख क्षेत्र गरी दुइ चरणमा बाँडिएको छ । पहिलो चरणमा सफा र स्वच्छ क्षेत्र घोषणाका लागी पनि विभिन्न २७ वटा सूचकमा निश्चित अवस्था हासिल गर्नु पर्नेछ, जसका लागि ३ नं बुँदामा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी तथ्याङ्क संकलन तथा विश्लेषण गरी सम्वन्धित क्षेत्रका समन्वय समितिहरुले सरोकारवालाहरुको सहभागिता र सकृयतामा गाउँपालिका वा नगरपालिका र जिल्ला खानेपानी, सरसफाइ र स्वच्छता योजना (WASH Plan) तर्जुमा गरिने छ भन्ने बुँदा उल्लेख गरिएको छ जुन अति महत्वपूर्ण र अन्य सूचकहरुलाई प्रभावित पार्ने विषय हो भन्न सकिन्छ ।

हालसालै नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल निकास विभागको प्रगती प्रतिवेदनमा आधारभुत स्तरको खानेपानीको पहुँच ८९ प्रतिशत र आधारभुत स्तरको सरसफाइको पहुँच १०० प्रतिशत घरधुरीमा पुगेको छ । यसै गरी ७७ वटै जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा भई सकेका छन् र आस्विन १३, २०७६ का दिनमा देशलाई नै खुला दिसामुक्त देश घोषणा गरिएको छ । यसरि अबको अभियान पुर्ण सरसफाईको हुनेछ सो पुर्ण सरसफाइ कार्यकमलाई एकताबद्ध गर्न र सरकारी तथा गैरसरकारी सबै निकायहरुबाट हुने काममा एकरुपता ल्याउन कम्तिमा पनि प्रत्येक पालिका तहमा एक एकिकृत वास योजनाको आवश्यकता पर्दछ । सन २०१७ मा सत प्रतिशत जनतामा आधारभुत स्तरको खानेपानी र सरसफाइको पहुँच पुऱ्याउने राष्ट्रिय लक्ष्यका बाबजुद अझै थप केहि समयको मेहनतले मात्र तोकिएको सीमा भन्दा केहि ढिलो भए पनि लक्ष्यमा पुग्न सकिएको छ ।

निर्वाचित जनप्रतिनिधि, कर्मचारी वर्ग र लाभग्राहीहरुको नेतृत्वमा सुरक्षित पिउने पानी र सरसफाइको महत्व के छ ? आफ्ना जनताहरुलाई कति समय सीमा भित्र कस्तो सरसफाइ, स्वच्छता र स्वास्थ्यको अवस्थामा पुऱ्याउने, यस बारेका राज्यले राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा के कस्ता प्रतिबद्धता गरेको छ ? हाम्रो संविधान र कानुनले यसलाई कसरी परिभाषित गरेको छ ? सुरक्षित पानी र सरसफाइलाई नागरिक अधिकारको रुपमा कसरी स्थापित गरेको छ भन्ने बारेमा आवश्यक र पर्याप्त मात्रामा मष्तिष्क मन्थन र छलफल आवश्यक छ । यसरी मष्तिष्क मन्थन र छलफल पश्चात आफ्नो पालिकाको समग्र खानेपानी र सरसफाइको लक्ष्य निर्धारण गर्न आवश्यक छ । त्यही लक्ष्य प्राप्तिका लागी निश्चित योजनाहरु बनाउने दिशामा अघि बढनु नै उपयुक्त तरिका हुनेछ ।

नेपालमा खानेपानी तथा सरसफाईमा पंहुचको अवस्थामा उल्लेखनिय उपलब्धि हासिल गरिए पनि संचालनमा आएका योजनाहरुको दिगो र सुरक्षित सेवा प्रवाह चुनौतिको रुपमा देखिएको छ । विषम भौगोलिक अवस्था तथा अति विपन्न, पछाडि पारिएका जनताहरु बसोबास गरेको क्षेत्रमा खानेपानी तथा सरसफाईको सेवामा पहुंच अति कम रहेको यथार्थ हामी सामु छ । तसर्थ सेवाबाट बन्चितीमा परेका समुदायहरुको संविधान प्रदत्त अधिकार सुनिश्चिता गर्नु प्रमुख चुनौति रहेको छ ।

अझै पनि नेपालमा विभिन्न संघ संस्थाहरुको अध्ययन प्रतिवेदन अनुसार नेपालमा बर्षेनि करौडौं रुपैयाँ स्वच्छ खानेपानी तथा सरसफाईको सेवाको अभावमा हुने रोगको उपचारका लागि खर्च भइरहेको छ । जसका कारणले समग्र देशको आर्थिक विकासमा नकरात्मक असर परि रहेको सन्दर्भमा सुरक्षित खानेपानी तथा स्तरिय सरसफाईको पंहुच सबै नेपालीको पंहुचमा पुऱ्याउनु अपरिहार्य भएको छ ।

योजनाबद्ध रुपमा सम्पुर्ण जनतामा सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्धन कृयाकलाप संचालनका लागि बर्तमान खानेपानी तथा सरसफाईको अवस्था, सम्भावित श्रोतहरु, सार्वजनिक तथा संस्थागत खानेपानी तथा सरसफाईको अवस्था समुदायको स्वच्छता आनिबानि सम्वन्धमा सर्वेक्षण, अध्ययन छलफल गरि उपलब्ध तथ्यहरु र सुचनाहरुका आधारमा खानेपानी तथा ढल व्यवस्थापन विभागको क्षेत्र विकास योजना २०७४-२०८७ संग तादाम्यता मिलाएर खानेपानी, सरसफाई तथा स्वच्छताका कार्यक्रमको प्राथमिकिकरण र बजेट समेत आंकलन गरि यो शिवराज नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना तयार गरिएको छ ।

## १.२.औचित्य

शिवराज नगरपालिका वि.सं. २०७१ मा साविक शिवपुर, वीरपुर, चनई, विसुनपुर र जवाभारी गाविसलाई समावेश गरी स्थापना गरिएको हो । स्थानीय तह पुनर्संरचनाका क्रममा नेपाल सरकारको मिति २०७३ साल फागुन २७ गतेको निर्णय अनुसार साविकका शिवगढी, थुन्हिया र लालपुर गाविस समेतलाई मिलाएर यस नगरपालिकाको पुर्नगठन गरिएको हो ।

यो नगरपालिका घोषणा भएपश्चात समायोजन भएको स्थानहरुको खानेपानी र सरसफाईको अवस्थाा तथा वस्तुस्थिति समाबेश भएको कुनै आधिकारीक दस्तावेज नभएको अवस्थालाई मध्यनजर गर्दै नगरपालिकाको क्षमता, खानेपानी, सरसफाई तथा स्वच्छताको वास्तविक अवस्था र भावी योजनाहरु तय गर्नका लागि यो खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजनाको आवस्यकता महसुस गरिएको थियो । खानेपानी तथा सरसफाई जनताको नैसर्गीक अधिकारको रुपमा संविधानमा व्यवस्था गरे अनुसार नै गाउँपालीका क्षेत्रका जनतालाइ सर्वशुलभ, सुरक्षित र दिगो खानेपानी तथा सरसफाई सेवाको पंहुचमा अभिवृद्दि गर्नु नगरपालीकाको कर्तव्य तथा जिम्मेवारी भित्र पर्दछ । स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा नगरपालिका काम कर्तव्य र अधिकार शिर्षकमा उल्लेख गरिए बमोजिम दफा ११ को उपदफा ध मा स्थानिय खानेपानी सम्वन्धि निति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन भनेर उल्लेख गरकोले पनि सो जिम्मेवारीलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्नका लागी खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना अत्यावस्यक हुन आएको छ । विना योजना र अनुमानमा गरिने विकासले खानेपानी र सरसफाईको पंहुचका क्षेत्रमा आशातित सफलता नहुने विगतले पाठ सिकाएको छ । तसर्थ तथ्यगत र वस्तुगत आधारमा समुदायसंगको छलफल र स्विकार्यतालाई समेत मध्य नजर गरि अति आवस्यक समुदायहरुलाई प्राथमिकतामा राखेर योजना बनाएर खानेपानी तथा सरसफाइको क्षेत्रमा देखिने गरि विकास गर्न वास योजना अति आवश्यक दस्तावेज हुने भएकोले निर्माण गरिनु अपरिहार्य देखिएको छ

## १.३. उद्देश्य

मानिसको स्वास्थ्य र दैनिक जीवनयापनसंग खानेपानी र सरसफाइ सुविधाको प्रत्यक्ष सम्बन्ध रही आएको छ । विपद जोखिम र जलवायु परिवर्तनका असरहरुलाई समेत मध्यनजर गरि खानेपानी तथा सरसफाइको वास्तविक अवस्था र भावी योजना सहित तयार भएको यस वास योजनाका तपसिलका निर्दिष्ट उद्देश्यहरु रहेका छन ।

- नगरपालिकाको योजना तर्जुमा औजारको रुपमा प्रयोग हुने गरि समुदायको व्यक्तिगत, संस्थागत (विद्यालय, स्वास्थ्य संस्था) तथा सार्वजनिक स्थलहरुको खानेपानाी, सरसफाई र स्वच्छताको वर्तमान अवस्था पत्ता लगाउने
- नेपाल सरकार खानेपानी तथा ढल व्यवस्थापन विभागको नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (SDP) २०७४-२०८७ ले परिभाषित गरेको खानेपानी, सरसफाई तथा स्वच्छताका स्तरमा पुग्नका लागि खानेपानीको पंहुच नपुगेका समुदायहरुमा सुरक्षित पानी र संचालनमा नरहेका खानेपानी आयोजनाहरु पुन निर्माण तथा स्तरोन्नति गर्नका लागि उपलब्ध श्रोत साधनहरुको लेखाजोखा सहितको निर्दिष्ट कार्ययोजना बनाउने
- सम्पुर्ण जनताहरुमा सन २०३० सम्म सुरक्षित र दिगो खानेपानी तथा सरसफाइ सेवाको पंहुच तथा स्वच्छ आनीबानी विकासका लागि रणनितिहरु तयार गरि कार्यान्वयन गर्ने
- निर्माण गर्नु पर्ने खानेपानी आयोजनाहरुको सुचि तयार गर्ने र प्राथमिकिकरण गर्ने
- विपद जोखिमका क्षेत्र तथा समुदायहरुको पहिचान गरि समुचित व्यवस्थापन योजना निर्माण गर्ने

- जलवायु परिवर्तनका कारणले खानेपानीका क्षेत्रमा परेका असरहरुको पहिचान गरि अनुकुलन क्षमता अभिबृद्धि योजना तय गर्ने
- खानेपानी तथा सरसफाई क्षेत्रका सरोकारवालाहरुको पहिचान र कृयाशिलता तथा जवाफदेहिता बृद्दि गराउने
- सुरक्षित खानेपानी र स्तरिय सरसफाई सुविधाका सम्वन्धमा नेपाल सरकारको लक्ष्य परिपुर्तिका लागि आवस्यक पर्ने बजेट व्यवस्थापन तथा परिचालन योजना बनाउने
- ठोस तथा तरल फोहोर मैला तथा मानव मलमुत्रीय फोहोरको सम्भव भएसम्म पुनःप्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा तोकिएको स्थलमा विसर्जन गर्ने योजना तय गर्ने

## १.४. समयावधि

यस वास योजनाको समयावधि नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागको नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (SDP) २०७४-२०८७ संग सामन्जस्यता हुने गरी १० वर्ष (सन २०३०) सम्मको हुनेछ र प्रत्येक दुई दुई बर्षमा अद्यावधिक र पुनरावलोकन गरिने छ ।

## १.५. अध्ययनका सिमा

यस खानेपानी, सरसफाई तथा स्वच्छता गुरु योजना तयार पार्ने क्रममा खानेपानी योजनाको विवरण बाहेकका गाँउपालिका स्तरिय अन्य सरसफाइ र स्वच्छता सम्वन्धि सुचनाहरु गाँउपालिकाका निर्वाचित पदाधिकारीहरु, कार्यरत कर्मचारीहरु, बिद्यालय शिक्षक तथा स्वास्थ्य केन्द्रका कमंचारीका अलावा महिला स्वास्थ्य स्वयमसेविकाहरु संग छलफल गरि संकलन गरिएको हो । घरपरिवार तहको सरसफाई र स्वच्छताको वर्तमान अवस्थाको सुचनाहरु संकलन गर्न सम्पुर्ण घरपरिवारमा नै गई सुचनाहरु संकलन गर्न नसकिएकोले ४ प्रतिशतको अन्तरालमा बैज्ञानिक नमुना संकलन (Scientific Sampling Method) विधिबाट सुचनाहरु संकलन तथा प्राप्त तथ्यहरुलाई सामान्यिकरण गरिएको छ ।

स्थानिय परिवेशमा घुलमिल भएर तथ्याङ्कहरु संकलन गर्नका लागि स्थानिय प्राविधिक तथ्याङ्क संकलकको अभाव भएकोले कतिपय प्राविधिक सुचनाहरु समेत गैर प्राविधिक तथ्याङ्क संकलकहरुको माध्यमबाट संकलन गरिएको थियो ।

नगरपालिकामा खानेपानी तथा सरसफाइका भरपर्दो सुचना प्रणालीको स्थापना भई नसकेकोले नगरपालिकाको खानेपानी तथा सरसफाइ सम्वन्धि पर्याप्त जानकारीहरु प्राप्त गर्न असमर्थ हुदां वास योजना निर्माणमा कठिनाई उत्पन्न भएको थियो ।

## १.६. तयारी विधि र प्रकया

खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना तयारीमा तपशिलका चरण र प्रकृयाहरु अवलम्वन गरिएको थियो ।

### १.६.१ वास योजनाको ढांचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन

नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभाग द्वारा प्रस्तावित ढाँचालाई नै यस वास योजना तयारीमा उपयोग गर्ने सहमति भएको थियो । सो ढाँचामा प्रस्तावित विषय वस्तु तयारीका लागि फिल्ड सर्वेक्षणका जांच सुचि र प्रश्नावलिहरुका अलावा नेपाल सरकार खानेपानी मन्त्रालयबाट तयार गरिएको NWASH मोबाइल एप्स विधि अवलम्वन गरि सुचना संकलन गर्न विधि तय गरिएको थियो । फिल्डमा

सर्वेक्षणका लागि खटिने टोलीहरु नगरपालिकाको समन्वयमा तयार गरि उनिहरुका लागि NWASH मोबाइल एप्स बाट तथ्याङ्क संकलन गर्ने विधि सम्वन्धी ३ दिने तालिम संचालन गरिएको थियो ।

### १.६.२ नगरपालिका स्तरिय अभिमुखिकरण गोष्ठी तथा सहमति निर्माण

शिवराज नगरपालिकामा वास योजना अभिमुखिकरण गोष्ठि मिति २०७६/०१/२४ मा नगर प्रमुख, उपप्रमुख, प्रमुख कार्यकारी अधिकृत सहित नगर कार्यपालिकाका सदस्यहरु र अन्य सरोकारवालाहरुको सहभागितामा आयोजना गरिएको थियो । उक्त गोष्ठिमा खानेपानी, सरसफाई स्वच्छता (वास) योजनाको आवश्यकता, महत्व र उपयोगका विषयमा छलफल भई तयारी प्रकृयामा सरोकारवालाहरुको भुमिकाका विषयमा छलफल भएको थियो । अन्तमा वास योजना तयारीको प्रकृयाको अनुगमन तथा समन्वयका लागि कार्य समुह गठन गरिएको थियो ।

### १.६.३ तथ्याङ्क संकलन तथा लेखाजोखा

तथ्याङ्क संकलनका लागि तपसिलका कामहरु गरिएको थियो ।

- नगरपालिकामा उपलब्ध सहायक सामाग्री जस्तै बस्तुगत विवरण, प्रगति प्रतिवेदन, website का अलावा युनिसेफ नेपालको ASWA II को बेसलाइन प्रतिवेदन अध्ययन गरिएको थियो ।
- NWASH मोबाइल एप्सको माध्यमबाट नगरपालिका क्षेत्रभरिका खानेपानी र सरसफाइ संग सम्वन्धित विद्यमान भौतिक संरचनाहरुको लेखाजोखा गरियो ।
- संचालित खानेपानी योजनाहरुको दिगोपना लेखाजोखा गरियो ।
- घरपरिवार तहको खानेपानी, सरसफाई र स्वच्छताको वर्तमान अवस्थाको सुचनाहरु संकलन गर्ने ४ प्रतिशतको अन्तरालमा ९५ प्रतिशत Confidence level हुने गरि बैज्ञानिक नमुना संकलन ( Scientific Random Sampling Method) विधिबाट सुचनाहरु संकलन गरियो ।
- सम्पुर्ण विद्यालयहरु, स्वास्थ्य केन्द्रहरु तथा सार्वजनिक संस्थाहरुमा पुगि खानेपानी तथा सरसफाई सम्वन्धि अवस्था र भावी योजनाहरु सम्वन्धि सुचना संकलन गरियो ।
- समुदायको ठोस तथा तरल फोहोर व्यवस्थापन, मानव दिसाजन्य लेदो व्यवस्थापन गरी श्रोतको पुनःप्रयोग सम्वन्धि समुदाय तहमा छलफल तथा अवलोकन गरि तथ्यहरु संकलन कार्य भयो ।
- खानेपानीका पंहुचबाट बन्चितमा परेका समुदायको खानेपानीको सम्भावित श्रोतहरु तिनको वर्तमान अवस्था (क्षमता, गुणस्तर) र भविष्यमा स्तरोन्नति गर्न सकिने अवस्थाको समेत आंकलन गरियो ।
- अन्य विकास साझेदारहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमहरुको विवरणहरु संकलन गरियो ।

### १.६.४ तथ्याङ्क प्रशोधन, विश्लेषण र मस्यौदा तयारी

मोबाइल एप्स, समुहगत छलफल जाँचसुचिको आधारमा संकलन गरिएका सुचना तथा  तथ्याङ्कहरुलाई IT विज्ञहरुको सहयोगमा प्रशोधन तथा विस्तृत बिश्लेषण गरियो । तत्पश्चात निर्धारित लक्ष्य हाँसिल गर्न, हालको विद्यमान अवस्था र पुग्न पर्ने स्थान बिचको अन्तरको चर्चा गर्दै स्पष्ट निति, कार्यक्रम, बजेट र साझेदारहरुका बीचको सहकार्यको योजना सहितको नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागबाट सिफारिस गरिएको ढाँचामा मस्यौदा प्रतिवेदन तयार गर्ने कार्य गरियो ।

### १.६.५ वास योजना प्रमाणिकरण गोष्ठि

मस्यौदा प्रतिवेदन तयारी पश्चात वडा तह र नगरपालिका तहमा छुट्टा छुट्टै प्रमाणिकरण तथा योजना तर्जुमा गोष्ठिहरुको आयोजना गरि प्रस्तावित खानेपानी तथा सरसफाईका दुरदृष्टि, परिलक्ष्य, लक्ष्य, रणनिति, अन्य विकासका साझेदारहरुको संलग्नता, नगरपालिकाको वास कार्यक्रमहरुको बजेट ट्रेण्ड,

जलवायु परिवर्तनका असर र अनुकुलन योजना, विपद र विपद व्यवस्थापनका योजना, संस्थागत क्षमताहरु छलफल र सिकाइ आदान प्रदान का अलावा प्राप्त सुचना र तथ्याङ्कहरुको पुष्टिकरण गर्ने कार्य गरियो । वडा तहमा २०७६/०६/०२ देखि २०७६/०१/०६ सम्म र नगरपालिका तहको गोष्ठि २०७६/०७/३० गतेका दिन सम्पन्न गरिएको थियो ।

### १.६.६ वास योजना तयारी तथा सार्वजनिकिकरण

वडा तथा पालिका स्तरिय गोष्ठि, सरोकारवालाहरु संगको छलफल र सुझाव तथा पृष्ठपोषणहरुलाई संलग्न गरेर खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजनाको अन्तिम प्रतिवेदन तयार गरियो । अन्तिम वास योजना नगरपालिकाको बैठकबाट कार्यान्वयनको प्रतिबद्धता सहित स्विकृत गरि आगामी नगरपरिषदबाट पास गर्ने गरि प्रमाणिकरण र सार्वजनिकिरण गरियो ।

# अध्याय २ : शिवराज नगरपालिकाको वस्तुगत विवरण

## २.१ भौगोलिक अवस्थिति र बनोट

शिवराज नगरपालिका भौगोगिक अवस्थितिगत रुपमा २७ डिग्री ३४ मिनेट ६ सेकेण्डदेखि २७ डिग्री ४७ मिनेट ४४ सेकेण्ड उत्तरी अक्षांश र ८२ डिग्री ४३ मिनेट ५२ सेकेण्ड देखि ८२ डिग्री ५६ मिनेट ७ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ। समुन्द्र सतहको ७०० फिट देखि १००० फिट सम्मको उचाईमा रहेको यस नगरपालिकाको कुल क्षेत्रफल २८४.०८ वर्ग किमि रहेको छ। पूर्वमा बुद्धभूमि नगरपालिका, पश्चिममा विजयनगर गाउँपालिका, उत्तरमा अर्घाखाँची र दाङ्ग जिल्ला र दक्षिणमा कृष्णनगर र महाराजगञ्ज नगरपालिका रहेको छ। यस नगरपालिकामा हाल ११ वटा वडा कायम रहेका छन्। पूर्व पश्चिम लोकमार्गको दायाँ बायाँ रहेको यस नगरपालिका जिल्ला सदरमुकाम तौलिहवा देखि करिव २० किमि सडक दुरीमा अवस्थित रहेको छ।




| जमिनको किसिम | क्षेत्रफल (ब.कि.) | प्रतिशत |
|---|---|---|
| खाली जमिन | ०.५४ | ०.१९ |
| खती गरिएको जमिन | ९६.३२ | ३३.९१ |
| भिरपहरा | ०.०८ | ०.०३ |
| जंगल | १८०.६८ | ६३.६० |
| बगैंचा, नर्शरी | ०.१८ | ०.०७ |
| बगर | ३.१७ | १.१२ |
| झडि वन | ०.९७ | ०.३४ |
| सिमसार | ०.०६ | ०.०२ |
| नदी, पोखरी, जलक्षेत्र | २.०७ | ०.७९ |
| जम्मा | २८४.०७ | १००.०० |

शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थल लुम्बिनीको निकट पश्चिममा अवस्थित ऐतिहासिक स्युराज क्षेत्र तथा प्रसिद्ध धार्मिक स्थल शिवगढीका नामबाट नामाकरण गरिएको शिवराज नगरपालिका नेपाल सरकारको मिति २०७१ मा साविक शिवपुर, वीरपुर, चनई, विसुनपुर र जवाभारी गाविसलाई समावेश गरी स्थापना गरिएको हो। नेपाल सरकारको मिति २०७३ साल फागुन २७ गतेको निर्णय अनुसार साविकका शिवगढी, थुन्हिया र लालपुर गाविस समेतलाई मिलाएर शिवराज नगरपालिकाको पुनर्संरचना गरिएको हो।

चित्रः वडा, स्थानीय तह तथा प्रदेश छुट्टीने नक्शा




। यस नगरपालिका प्रदेश नं. ५ अन्तरगत कपिलवस्तु जिल्लामा रहेका कूल ६ नगरपालिका र ४ गाउँपालिका मध्ये एक हो । प्रतिनिधी सभा निर्वाचनका लागि तोकिएका जिल्लाका कूल ३ निर्वाचन क्षेत्र मध्ये क्षेत्र नं. ३ मा पर्दछ भने प्रदेशसभा निर्वाचन प्रयोजनका लागि कायम गरिएको निर्वाचन क्षेत्रको लागि क्षेत्र नं. ३ (ख) मा रहेको छ । नगरपालिकाको केन्द्र चन्द्रौटा बजारमा रहेको छ । नगरपालिकामा ११ वटा वडा कायम रहेका छन् । हालको वडामा समावेश साविक गाविस तथा नगरपालिका र वडागत क्षेत्रफललाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

नगरपालिकाको गठन

| हालको वडा नं. | साविक नपा तथा गाविसको वडा नं. | क्षेत्रफल (वकिमि) | प्रतिशत |
|---|---|---|---|
| 1 | शिवराज नपा वडा नं. १ र ९ | 79.46 | 27.97 |
| 2 | शिवराज नपा वडा नं. ११ | 10 | 3.52 |
| 3 | शिवराज नपा वडा नं. २ र ३ | 47.67 | 16.78 |
| 4 | शिवराज नपा वडा नं. ४ र ५ | 10.74 | 3.78 |
| 5 | शिवराज नपा वडा नं. ६ र १० | 8.45 | 2.97 |
| 6 | शिवराज नपा वडा नं. ७ र ८ | 16.59 | 5.84 |
| 7 | शिवराज नपा वडा नं. १३ | 8.48 | 2.99 |
| 8 | शिवराज नपा वडा नं. १२ | 11.28 | 3.97 |
| 9 | शिवगढी गाविस वडा नं. १ देखि ९ सम्म | 72.46 | 25.51 |
| 10 | लालपुर गाविस वडा नं. १ देखि ९ सम्म | 7.27 | 2.56 |
| 11 | थुन्हिया गाविस वडा नं. १ देखि ९ सम्म | 11.67 | 4.11 |
| **जम्मा** | | **284.07** | **100** |

श्रोतः नगरपालिका वस्तुगत विवरण २०७६

## २.२ पहुंच

पूर्व पश्चिम लोकमार्गको दायाँ बायाँ रहेको यस नगरपालिका जिल्ला सदरमुकाम तौलिहवा देखि पश्चिम तर्फ करिव २० किमि सडक दुरीमा अवस्थित रहेको छ भने नगरपालिकाको कार्यालय चन्द्रौटा प्रदेश राजधानी बुटवलबाट करिब ४२ किमि पश्चिम तिर पूर्व पश्चिम लोकमार्गमा रहेको छ ।

## २.३ भुउपयोग तथा वातावरण

समुन्द्री सतहदेखि ९४ मिटर देखि ११७ मिटर सम्मको उचाईमा रहेको यस नगरपालिकाको सबैजसो भूभाग समथर रहेको छ । तथापि, नगरपालिकाको माथिल्लो भागमा चुरे पहाड रहेको छ । खोला नाला तथा खोल्साका कारण कतिपय भूभागमा खण्डित किसिमको भूस्वरुप पनि रहेको देखिन्छ ।

प्राकृतिक सम्पदाका रुपमा समथर तथा उर्वर जमिनको व्यापकता रहेको यस क्षेत्रमा हावापानीका हिसाबले उष्ण क्षेत्रीय (Tropical) जलवायु विद्यमान रहेको क्षेत्र हो । भूउपयोगको अवस्थालाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका नं***

| क्र.सं | भूउपयोगको प्रकार | क्षेत्रफल (बर्ग किमि) | प्रतिशत |
|---|---|---|---|
| 1 | खाली जमिन | 0.54 | 0.19 |
| 2 | खेती गरिएको जमिन | 96.32 | 33.91 |
| 3 | भिर पखेरा | 0.08 | 0.03 |
| 4 | बन जंगल | 180.68 | 63.60 |
| 5 | नर्सरी | 0.05 | 0.02 |
| 6 | बगैंचा | 0.13 | 0.05 |
| 7 | ताल, पोखरी | 0.03 | 0.01 |
| 8 | बलौटे क्षेत्र | 3.17 | 1.12 |
| 9 | बुट्यान झाडी | 0.97 | 0.34 |
| 10 | पानीले ढाकेको क्षेत्र | 2.04 | 0.72 |
| 11 | अन्य | 0.06 | 0.02 |
| | **जम्मा** | **284.07** | **100.00** |

श्रोतः नगरपालिका वस्तुगत विवरण २०७६

## २.४ जात जाति र जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना २०६८ र घरपरिवार सर्वेक्षण २०७६ बीच जनसांख्यिक सूचकहरुको तुलना गर्दा घरपरिवार संख्या, जनसंख्या तथा लैंगिक अनुपात बढेको र औषत परिवार आधार घटेको देखिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल घरपरिवार संख्या ११२५०, जनसंख्या ६६७८१ र औषत परिवारको आकार ६.१६ जना प्रति परिवार रहेको छ । घरपरिवार सर्वेक्षण २०७६ अनुसार कूल घरपरिवार संख्या १३५५८ र जनसंख्या ७३५४७ रहेको छ । जसअनुसार सबै भन्दा अधिक जनसंख्या वडा नं. ५ मा रहेको छ भने सबैभन्दा न्यून वडा नं. ७ मा ३४७५ रहेको देखिन्छ । कूल जनसंख्याको ३८१११ पुरुष र ३५४३६ महिला रहेको देखिन्छ । त्यसैगरी, औषत घरपरिवार संख्या ५.४२ रहेको छ भने लैंगिक अनुपात १०७.५५ रहेको देखिन्छ । यससम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका २.२ वडागत घरपरिवार तथा जनसंख्या विवरण**

| वडा नं | जनगणना २०६८ अनुसार | | | | | | घरपरिवार सर्वेक्षण २०७६ अनुसार | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरपरिवार | जनसंख्या | | | औसत घरपरिवार आकार | लैंगिक अनुपात | घरपरिवार | जनसंख्या | | | औसत घरपरिवार आकार | लैंगिक अनुपात |
| | | जम्मा | पुरुष | महिला | | | | जम्मा | पुरुष | महिला | | |
| १ | 1415 | 7599 | 3696 | 3903 | 5.37 | 94.70 | 1924 | 9761 | 4967 | 4794 | 5.07 | 103.61 |
| २ | 771 | 4311 | 2050 | 2261 | 5.59 | 90.67 | 931 | 5301 | 2664 | 2637 | 5.69 | 101.02 |
| ३ | 1243 | 7016 | 3429 | 3587 | 5.64 | 95.60 | 1544 | 8111 | 4226 | 3885 | 5.25 | 108.78 |
| ४ | 977 | 6322 | 3218 | 3104 | 6.47 | 103.67 | 1166 | 6820 | 3587 | 3233 | 5.85 | 110.95 |
| ५ | 1929 | 10160 | 5024 | 5136 | 5.27 | 97.82 | 2220 | 9959 | 5197 | 4762 | 4.49 | 109.13 |
| ६ | 911 | 6131 | 3192 | 2939 | 6.73 | 108.61 | 1062 | 6476 | 3386 | 3090 | 6.10 | 109.58 |
| ७ | 443 | 3392 | 1722 | 1670 | 7.66 | 103.11 | 589 | 3475 | 1781 | 1694 | 5.90 | 105.14 |
| ८ | 752 | 5057 | 2617 | 2440 | 6.72 | 107.25 | 851 | 5437 | 2848 | 2589 | 6.39 | 110 |
| ९ | 1151 | 6350 | 2956 | 3394 | 5.52 | 87.09 | 1365 | 7630 | 3918 | 3712 | 5.59 | 105.55 |
| १० | 582 | 3930 | 2027 | 1903 | 6.75 | 106.52 | 764 | 3701 | 1944 | 1757 | 4.84 | 110.64 |
| ११ | 1076 | 6513 | 3230 | 3283 | 6.05 | 98.39 | 1142 | 6876 | 3283 | 3283 | 6.02 | 100 |
| **जम्मा** | **11250** | **66781** | **33161** | **33620** | **6.16** | **99.40** | **13558** | **73547** | **38111** | **35436** | **5.42** | **107.55** |

*श्रोत: नगरपालिका वस्तुगत विवरण २०७६*

जातजातिगत रुपमा मिश्रित बसोवास रहेको यस क्षेत्रमा सबैभन्दा उच्च संख्यामा तराई अन्यको घरपरिवार संख्या २३.०९ प्रतिशत रहेको छ । कूल घरपरिवार संख्या १३५५८ रहेको यस नगरपालिकामा ४ घरपरिवार लोपउन्मुख जाति पथ्थरकट्टाको समेत रहेको छ । पहाडी क्षेत्री/ब्रामह्णको घरपरिवार २१.४ प्रतिशत, तराई आदिवासी/जनजाति १६.४ प्रतिशत, पहाडी आदिवासी/जनजाति ९.९९ प्रतिशत, मुस्लिम १२.१ प्रतिशत र पहाडी दलित ७.९४ प्रतिशत रहेको देखिन्छ । जातजातिगत आधारमा घरपरिवारको वडागत विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ

तालिका २.३ जातिगत आधारमा घरपरिवार

| वडा नं. | जातजाति जनसंख्या विवरण | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहाडी क्षेत्री /ब्राह्मण | तराई क्षेत्री /ब्राह्मण | पहाडी आदिवासी/ जनजाति | तराई आदिवासी/ जनजाति | पहाडी दलित | तराइ दलित | मुस्लिम | पहाडी अन्य | तराई अन्य | लोपउन्मुख | |
| 1 | 515 | 0 | 398 | 695 | 237 | 2 | 2 | 58 | 17 | 0 | 1924 |
| 2 | 169 | 1 | 213 | 345 | 126 | 13 | 17 | 6 | 41 | 0 | 931 |
| 3 | 578 | 7 | 90 | 375 | 174 | 24 | 84 | 35 | 177 | 0 | 1544 |

| वडा नं. | जातजाति जनसंख्या विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहाडी क्षेत्री /ब्राह्मण | तराई क्षेत्री /ब्राह्मण | पहाडी आदिवासी/ जनजाति | तराई आदिवासी/ जनजाति | पहाडी दलित | तराइ दलित | मुस्लिम | पहाडी अन्य | तराई अन्य | लोपउन्मुख | जम्मा |
| 4 | 230 | 22 | 50 | 11 | 59 | 46 | 389 | 14 | 345 | 0 | 1166 |
| 5 | 876 | 17 | 192 | 294 | 197 | 24 | 401 | 31 | 188 | 0 | 2220 |
| 6 | 3 | 18 | 0 | 47 | 0 | 191 | 151 | 1 | 651 | 0 | 1062 |
| 7 | 5 | 28 | 0 | 9 | 0 | 131 | 158 | 0 | 258 | 0 | 589 |
| 8 | 23 | 14 | 17 | 21 | 13 | 192 | 214 | 1 | 352 | 4 | 851 |
| 9 | 330 | 1 | 369 | 399 | 216 | 0 | 1 | 44 | 5 | 0 | 1365 |
| 10 | 6 | 8 | 0 | 4 | 0 | 99 | 157 | 2 | 488 | 0 | 764 |
| 11 | 167 | 15 | 25 | 23 | 55 | 166 | 67 | 16 | 608 | 0 | 1142 |
| **जम्मा** | **2902** | **131** | **1354** | **2223** | **1077** | **888** | **1641** | **208** | **3130** | **4** | **13558** |
| **प्रतिशत** | **21.40** | **0.97** | **9.99** | **16.40** | **7.94** | **6.55** | **12.10** | **1.53** | **23.09** | **0.03** | **100.00** |

*श्रोत : नगरपालिका वस्तुगत विवरण २०७६*




**चित्र २.१ जातिगत घरपरिवार संख्या**




**चित्र नं २.२: धर्म अनुसार जनसंख्या**

## २.५ आर्थिक गतिविधि र पेशा

पेशाका आधारमा १० वर्ष माथीको जनसंख्यालाई वर्गिकरण गर्दा अध्ययनरत जनसंख्या सबैभन्दा उच्च २९.४७ प्रतिशत रहेको छ । कृषि तथा पशुपालनलाई प्रमुख पेशाका रुपमा अबलम्बन गर्ने जनसंख्या १३.८२ प्रतिशत रहेको छ भने ज्याला मजदुरीलाई मुख्य पेशाका रुपमा लिनेको संख्या १२.३४ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी, गृहिणी १७.६७, उद्योग तथा व्यापार २.२७, नोकरी ३.१६, बैदेशिक रोजगारी ६.०२, वेरोजगार ३.६२ र १० वर्षभन्दा कम उमेरको जनसंख्या १० प्रतिशत रहेको छ ।

यस नगरपालिकामा १५ वटा बैक (एनआईसी एसिया बैंक लि, सिद्धार्थ बैंक लि., नेपाल बैंक लि., एनएमवि बैंक लि., जनता बैंक लि., एभरेष्ट बैंक लि., नेपाल बङ्गलादेश बैंक लि, नेपाल एसविआई बैंक लि, प्रभु बैंक लिमिटेड, गरिमा विकास बैंक लि., कामना सेवा विकास वैक लि., वेर्ष्टन विकास बैंक लि., साइन रेसुङ्गा विकास बैंक लि., महालक्ष्मी विकास बैंक लि., कृषि विकास बैंक लि.), ९ वटा लघुवित्त संस्थाहरु र ४८ वटा सहकारी संस्थाहरुले आर्थिक गतिविधि संचालन गरि रहेका छन ।

## २.६ जनसंख्याको गतिशिलता र बसाई सराइ

यस नगरपालिकामा २०७५ चैत्र मसान्तसम्म दर्ता भएको व्यक्तिगत घटनाको अवस्था हेर्दा एक वर्षमा २३५५ जन्म दर्ता, ४७९ मृत्यु दर्ता, ८६७ विवाह दर्ता, ५ सम्बन्ध विच्छेद दर्ता सहित २०६ परिवार बसाई सरेर आएको र ७८ परिवार गएको दर्ता भएको देखिन्छ ।

## २.७ भौतिक पुर्वाधार

यस नगरपालिका भित्र कालो पत्रे, पिसीसी, ग्राभेल र कच्ची गरी कूल ३५६.१ किमी सडक रहेको छ । जस मध्ये ४९.७ किमी कालोपत्रे, १३१.४ किमी ग्राभेल र ७८.९ किमी कच्ची सडक रहेको देखिन्छ । यहाँ रहेका सडक मार्ग वा सञ्जालबाट करिब ५३१६०५ जनसंख्या लाभान्वित हुने गरेको देखिन्छ । नगरपालिकामा भौतिक पुर्वाधारको क्षेत्रमा मुख्य गरि पुर्व पश्चिम राजमार्ग र कृष्ण नगर र तौलिहवा जाने सहायक मार्गको रहेको छ । नगरपालिका क्षेत्रमा कूल ४१ वटा सिंचाई आयोजनाले ३४२.०६ हेक्टर जग्गामा सिंचाई सुविधा उपलब्ध गराएको देखिन्छ । जसबाट ३७८६ घरपरिवार लाभान्वित रहेका छन् । कुलो वा नहरको कूल लम्बाई करिब ४०.१३ किमी देखिन्छ । नगर क्षेत्रमा ६१ वटा पुलहरु रहेका छन् । जस मध्ये ५६ वटा पक्की पुल, ३ वटा झोलुङ्गे र एउटा ट्रष्ट पुल रहेको देखिन्छ । यस नगरपालिकामा विद्युतको पंहुच करिब ९८.८८ प्रतिशत परिवारमा पुगेको छ । यस क्षेत्रमा रहेका शैक्षिक संस्थाहरुको कूल संख्या १४६ रहेको छ । जसमध्ये २ क्याम्पस, १५ माध्यमिक तहका, ७१ आधारभूत तहका विद्यालयहरु (सामुदायिक, ३९ संस्थागत २० र मदरसा १२) र ५९ वटा (४९ सामुदायिक, १ संस्थागत र ९ वटा छुट्टै सामुदायिक) सबाल विकास केन्द्र रहेका छन् । नेपाल आदर्श मावि, शिवपुर र राष्ट्रिय मावि, चन्द्रौटामा १२ कक्षासम्म अध्ययन हुने गर्दछ । संचारको क्षेत्रमा नेपाल टेलिकम, एनसेल र स्मार्टसेलहरुले सेवा प्रदान गरि रहेका छन ।

नगरपालिका क्षेत्रमा धार्मिक स्थलका रुपमा १६६ वटा मन्दिर तथा २८ वटा मस्जिदको रहेका छन् । जसमध्ये वडा नं. १० मा सबैभन्दा उच्च संख्यामा २६ वटा र वडा नं. ३ मा सबैभन्दा न्युन संख्यामा ६ वटा मात्र रहेका छन्  यस गाउँपालिकाका प्रमुख बजारमा चन्द्रौटा बजार रहेको छ ।

## २.८ नगरपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरु र वास योजनाको सम्वन्ध

शिवराज नगरपालिकामा भरखरै मात्र शिक्षा क्षेत्रको रणनैतिक योजना तयार गरिएको छ र आवधिक योजनामा खानेपानी तथा सरसफाईका कार्यक्रमलाई प्राथमिकतामा राखि कार्यान्वयन गर्ने लक्ष्य लिइएको छ भने शिक्षा रणनैनिक योजनामा विद्यालयमा खानेपानी तथा सरसफाइको स्तरोन्नति गर्ने लक्ष्य राखिएको छ ।

## २.९ वास क्षेत्रमा कार्यरत बिकासका साझेदारहरु

शिवराज नगरपालिकामा वर्तमानमा वास क्षेत्रमा युनिसेफ नेपाल र सुआहारा परियोजना कार्यरत रहेका छन ।

# अध्याय ३ : खानेपानि, सरसफाई तथा स्वच्छता स्थिति

## ३.१ शिवराज नगर पालिकाको खानेपानिको अवस्था

### ३.१.१ नगरपालिकामा खानेपानीको पंहुच

शिवराज नगरपालिकाको नगर वस्तुस्थिती विवरण २०७६ अनुसार माथिल्लो चुरे वा पहाडी क्षेत्र बाहेक भूमिगत पानी नै खानेपानीको प्रमुख श्रोतको रुपमा रहेको छ । भुमिगत पानीलाई घरमै हाते पम्प वनाएर खानेपानीको उपयोग गर्ने घरपरिवार ११७६९ वा ८६.८ प्रतिशत रहेको छ भने निजि धाराबाट खानेपानी उपयोग गर्ने घरपरिवार १२०१ व ८.८६ प्रतिशत, सार्वजनिक धारावाट ४७० वा ३.४७ प्रतिशत र धाराबाट, डिप ट्युवेल (बोरिङ्ग)को खानेपानी उपयोग गर्ने घरपरिवार ८५ वा ०.६३ र अन्य असुरक्षित पानी उपयोग गर्ने ३३ वा ०.१९ प्रतिशत रहेको छ ।

**चित्र नं ३.१ खानेपानी प्रयोग गर्ने घरधुरीहरु**




*श्रोत : NWASH सर्वेक्षण प्रतिवेदन*

हालसालै गरिएको नमुना घरधुरी सर्वेक्षण विधि अनुसार नगरपालिकाका ४०२ घरपरिवारको सर्वेक्षण गर्दा १९.६१ प्रतिशत घरपरिवारहरुले खानेपानी प्रणालीको धारा, ७८.३६ घरपरिवारहरुले हाते पम्प, सुरक्षित इनार र ट्याङ्कर बाटढुवानी गरिएको पानीको उपयोग र १.९९ प्रतिशत घरपरिवार असुरक्षित इनार र खोला, पोखरीको पानी प्रयोग गर्ने गरेको पाइयो ।

### ३.१.२ मौजुदा खानेपानी प्रणालीहरु

शिवराज नगरपालिकाका अधिकांश समुदायहरु खानेपानीको लागि जमिन मुनीको पानीको श्रोतमा भर परेको देखिन्छ जसमा हातेपम्पहरुको बाहुल्यता रहेको छ ।
नगरपालिकामा संचालित खानेपानी योजनाहरुको विवरण तल तालिकामा दिइएको छ ।

**तालिका नं : ३.१ मौजुदा खानेपानी प्रणालीहरुको विवरण**

| क सं | योजनाको नाम | लाभान्वित क्षेत्र | प्रकार | वडा नं | लाभान्वित | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | घर | महिला | पुरुष | जम्मा |
| १ | नारायणडि खानेपनी योजना | चमरबुझिया, नयांबस्ति | लिफ्टिङ्ग (सौर्य) | 9 | 101 | 291 | 307 | 577 |
| २ | अर्टियो रोड खानेपानी योजना | धानखोला | लिफ्टिङ्ग (विद्युत) | 9 | 135 | 398 | 396 | 794 |
| ३ | तुरुन्तपुर खानेपानी योजना | तुरन्तपुर | लिफ्टिङ्ग (विद्युत) | 9 | 121 | 537 | 759 | 1296 |
| ४ | शिवगढी खानेपानी योजना | शिवगढी, रमुवादह | लिफ्टिङ्ग (विद्युत) | 9 | 383 | 1013 | 1025 | 2038 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | चन्द्रौटा खानेपानी योजना | चन्द्रौटा बजार | लिफ्टिङ्ग (विद्युत) | 5 | 1005 | 2686 | 2683 | 5342 |
| | **जम्मा** | | | | **1745** | **4925** | **5170** | **10074** |

### ३.१.३ खानेपानीको सेवा को अवस्था र वर्गिकरण

शिवराज नगरपालिकामा हाल संचालनमा रहेका ५ वटा खानेपानी योजनाहरुलाइ वडागत रुपमा खानेपानीको सेवाको अवस्थालाइ वडागत विवरण तपसिलको रहेको छ ।

***तालिका नं : ३.२ वडागतरुपमा खानेपानी सेवा प्राप्त गर्ने घरधुरी तथा जनसंख्याको विवरण***

| वडा नं | घरधुरी | जनसंख्या | खानेपानी सुविधा पाउने | | हाते पम्प र ट्याकंर बाट पानी प्रयोग गर्ने | | असुरक्षित इनार तथा खोलाको पानी प्रयोग | |
|---|---|---|---|---|---|---|---|---|
| | | | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या |
| १ | 1924 | 9761 | | | 1779 | 9025 | 145 | 736 |
| २ | 931 | 5301 | | | 931 | 5301 | 0 | 0 |
| ३ | 1544 | 8111 | | | 1538 | 8079 | 6 | 32 |
| ४ | 1166 | 6820 | | | 1152 | 6738 | 14 | 82 |
| ५ | 2220 | 9959 | 1005 | 5369 | 1129 | 4265 | 86 | 325 |
| ६ | 1062 | 6476 | | | 1057 | 6446 | 5 | 30 |
| ७ | 589 | 3475 | | | 524 | 3092 | 65 | 383 |
| ८ | 851 | 5437 | | | 848 | 5418 | 3 | 19 |
| ९ | 1365 | 7630 | 740 | 4736 | 625 | 2894 | 0 | 0 |
| १० | 764 | 3701 | | | 752 | 3643 | 12 | 58 |
| ११ | 1142 | 6876 | | | 962 | 5792 | 180 | 1084 |
| **जम्मा** | **13558** | **73547** | **1745** | **10105** | **11297** | **60693** | **516** | **2749** |

*श्रोत : घरधुरी सर्वेक्षण र खानेपानी योजना सर्वेक्षण २०७६*

नेपाल खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्र विकास योजना (२०७४-२०८७) का आधारमा खानेपानी सेवाको स्तर वर्गिकरण गर्दा खानेपानी प्राप्त गर्ने घरपरिवार र जनसंख्याको प्रक्षेपण निम्न रहेका छन ।

**तालिका नं : ३.३ खानेपानी सेवाको स्तर वर्गिकरण**

| | बन्चित (Unreach) | निम्न (Limited) | आधारभुत (Basic) | मध्यम (Medium) | उच्च (Higher) |
|---|---|---|---|---|---|
| प्रतिशत(जनसंख्या) | 3.74 | 82.52 | 13.74 | - | - |
| घरपरिवार | 516 | 11297 | 1745 | - | - |
| जनसंख्या | 2749 | 60693 | 10105 | - | - |

नमुना घरपरिवार सर्वेक्षणमा पानीको पर्याप्तताको सर्वेक्षणका गर्दा सबै कामका लागि पुग्छ भन्ने घरपरिवार ७७ प्रतिशत थिए, २.८० प्रतिशत घरपरिवारले पानी पिउन र भान्साको कामका लागि मात्र पुग्छ, ६.८९ प्रतिशत घरपरिवारले पिउन, भान्सा तथा सरसफाइ गर्न पुग्छ, २.०४ प्रतिशत घरपरिवारले पिउन मात्र पुग्छ र ११.२२ प्रतिशत परिवारले पानी पुग्दैन भनेका थिए ।







खानेपानी पिउन योग्य छ कि छैन भनि गरिएको धारणा सर्वेक्षणमा ६०.८७ प्रतिशत घरपरिवारले पिउन योग्य छ , ३४.७८ प्रतिशत परिवारले पिउन योग्य छैन भने र ४.३५ प्रतिशत परिवारले थाहा छैन भने तर ८३.२९ प्रतिशत घर परिवारले पानी शुद्धिकरण नगरी प्रयोग गर्ने गरेका, ९.७७ प्रतिशत घरपरिवारले पानी कहिलेकांहि मात्र शुद्धिकरण गरेर प्रयोग गर्ने र ६.९४ प्रतिशत परिवारले सधैं शुद्धिकरण गरेर प्रयोग गर्ने गरेको बताएका छन ।

### ३.१.४ निर्माणाधिन खानेपानी प्रणालीहरु

शिवराज नगरपालिकामा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट तिन वटा खानेपानी तथा सरसफाई योजना निर्माणाधिन रहेको छ । उपभोक्ता समित दर्ता र बोरिङ्ग कार्य सम्पन भएको र पम्प हाउस र रिजर्भ टैंक निर्माणाधिन रहेको योजनामा बकि अन्य संरचनाहरु कमागत रुपमा निमांण हुने बताइन्छ ।

चित्र नं ३.४ देविपुर खानेपानी निर्माणाधिन टैंकि



**तालिका नं : ३.४ निर्माणाधिन खानेपानी प्रणालीहरुको विवरण**

| क्र सं | योजनाको नाम | लाभान्वित क्षेत्र | प्रकार | वडा नं | प्रस्तावित लाभान्वित | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | घर | महिला | पुरुष | जम्मा | |
| १ | देविपुर खानेपानी योजना | देविपुर | लिफ्टिङ्ग (बिद्युतिय) | 8 | 119 | 368 | 392 | 760 | योजना निर्माण रोकिएको |
| २ | शितलापुर खानेपानी योजना | शितलापुर | लिफ्टिङ्ग (बिद्युतिय) | 10 | 450 | 1056 | 1124 | 2180 | योजना निर्माण हुंदैछ |
| ३ | लालपुर खानेपानी योजना | लालपुर, इस्लामनगर | लिफ्टिङ्ग (बिद्युतिय) | 10 | 314 | 736 | 785 | 1521 | बोरिङ्ग भयो टैक बन्दैछ |

| जम्मा | 883 | 2160 | 2301 | 4461 | |
|---|---|---|---|---|---|

### ३.१.५ अन्य निकायबाट प्रस्तावित खानेपानी प्रणालीहरु

शिवराज नगरपालिकामा प्रदेश खानेपानी तथा सरसफाई कार्यालयबाट वडा नं १, २ र ३ वडाका सम्पुर्ण घरपरिवारमा खानेपानीको सेवा प्रदान गर्न यहि आ व २०७६/०७७ मा कार्यान्वयन शुरुवात हुने गरि विस्तृत सर्वेक्षण कार्य भइ रहेको छ ।

**तालिका नं : ३.४ अन्य निकायबाट प्रस्तावित खानेपानी प्रणालीहरुको विवरण**

| क सं | योजनाको नाम | लाभान्वित क्षेत्र | प्रकार | वडा नं | लाभान्वित | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | घर | जम्मा | |
| १ | वडा नं १ खानेपानी योजना | भलुही र दोबाटो बाहेक वडा नं १ सबै | भुमिगत श्रोत | 1 | 1759 | 8285 | प्रदेश खानेपानी कार्यालयबाट सर्वेक्षण |
| २ | वडा नं २ खानेपानी योजना | वडा नं २ का सबै | भुमिगत श्रोत | 2 | 931 | 5301 | |
| ३ | खरेन्द्रपुर खानेपानी योजना | वडा नं ३ र वडा नं ४ को वनकट्टी, नयां बस्ति | भुमिगत श्रोत | 3 | 1200 | 6534 | |
| जम्मा | | | | | 3890 | 20120 | |

### ३.१.६ मौजुदा खानेपानी योजनाहरुको कार्यक्षमता तथा सुचारुपन (Functionality status)

शिवराज नगरपालिका भरि संचालनमा रहेका खानेपानी योजनाहरुको संचालन अवस्थाको आंकलन गरिएको छ । तल तालिकामा दिइएको सुचारुपनको प्राप्ताकंका आधारमा हेर्दा तुरन्तपुर खानेपानी योजना र शिवगढी खानेपानी योजना कम जोखिम वा जोखिममा छैनन, नारायणडी र अर्टियोरोड खानेपानी योजनाहरु केहि जोखिम र चन्द्रौटा खानेपानी योजना बढि जोखिममा रहेका छन ।

| प्राप्ताकंका आधारमा योजनाहरुको दिगोपनाका वर्गिकरण | |
|---|---|
| जम्मा प्राप्ताक | सुचारुपनका लागि जोखिमको स्तर |
| ७० भन्दा बढि | कम जोखिम वा जोखिममा छैन |
| ६० देखि ७० | केहि जोखिम |
| ६० भन्दा कम | बढि जोखिम |

***तालिका नं ३.५ शिवराज नगरपालिकाका खानेपानी आयोजनाहरुको सुचारुपनको अवस्था:***

| कोड नं | खानेपानी योजनाको नाम | वडा नं | प्राप्ताकं (प्रतिशत) | कैफियत |
|---|---|---|---|---|
| 50903003 | नारायणडि खानेपानी | 9 | 65.94 | |
| 50903004 | अर्तियो रोड खानेपानी | 9 | 62.44 | |
| 50903005 | तुरुन्तपुर खानेपानी | 9 | 79.67 | |
| 50903006 | शिवगढी खानेपानी | 9 | 72.1 | |
| 50903007 | चन्द्रौटा खानेपानी | 5 | 28.12 | |

### ३.१.७ खानेपानी योजनाहरुको दिगोपना (Sustainability status)

शिवराज नगरपालिका भित्र संचालनमा आएका ५ वटा र निर्माणधिन १ वटा गरि ६ वटा खानेपानी तथा सरससफाई योजनाहरुको संस्थागत दिगोपना अध्ययन गरिएको थियो । जम्मा ६ वटा खानेपानी तथा सरसफाइ योजनाहरुमा सबै ६ वटै समितिहरु गठन भएका छन तर २ वटा समितिमा मात्र ३३%

प्रतिशत महिलाको प्रतिनिधित्व गरिएको र २ वटा योजनाको श्रोत मात्र जिल्ला/पालिका जलश्रोत समितिमा दर्ता भएका छन । सबै ६ वटा समितिका बैठकहरु नियमित हुने गरेका र ५ वटा संचालित खानेपानी तथा सरसफाई उपभोक्ता समितिको बार्षिक साधारण सभा हुने गरेका छन । ६ वटा मध्य ४ वटा योजनामा मात्र मर्मत संभारका लागि कर्मचारी (प्राविधिक) र मर्मत संभारका लागि आवश्यक औजारहरु छन । संचालनमा रहेका ५ वटै योजनाका समितिले खानेपानी महशुल उठाउने गरेका छन भने ६ वटै समितिको बैंक खाता खोलिएको छ । लेखा व्यवस्थापनका लागि १ वटा समितिले लेखापाल समेत राखेको छ । भने बांकी ५ वटा समितिहरुले आफैं लेखा राख्ने गरेका छन । कुनै पनि समितिको योजना संचालन निर्देशिका नभएको र खेर गएको पानीको उपयोग आयबृद्धिका गतिविधिमा संचालन भएको छैन ।

| प्राप्ताकंका आधारमा योजनाहरुको दिगोपनाका वर्गिकरण | |
|---|---|
| जम्मा प्राप्ताक | दिगोपनका लागि जोखिमको स्तर |
| ७० भन्दा बढि | कम जोखिम वा जोखिममा छैन |
| ६० देखि ७० | केहि जोखिम |
| ६० भन्दा कम | बढि जोखिम |

***तालिका ३.६ शिवराज नगरपालिकाका खानेपानी आयोजनाहरुको दिगोपनको अवस्था:***

| कोड नं | खानेपानी योजनाको नाम | वडा नं | प्राप्ताकं (प्रतिशत) | कैफियत |
|---|---|---|---|---|
| 50903003 | नारायणडि खानेपानी | 9 | 61.78 | |
| 50903004 | अर्तियो रोड खानेपानी | 9 | 62.18 | |
| 50903005 | तुरुन्तपुर खानेपानी | 9 | 70.88 | |
| 50903006 | शिवगढी खानेपानी | 9 | 61.53 | |
| 50903007 | चन्द्रौटा खानेपानी | 5 | 35.69 | |

### ३.१.८ संस्थागत (शैक्षिक संस्था र स्वास्थ्य संस्था) खानेपानी सुविधा

शिवराज नगरपालिकामा अवस्थित सम्पुर्ण सामुदायिक विद्यालयहरु तथा  सरकारी स्वास्थ्य केन्द्रहरुमा खानेपानीको सुविधाको अवस्था तपसिलको रहेको छ ।

***तालिका नं ३.७ विद्यालय पानीको सुविधाको अवस्था***

| वडा नं | विद्यालय संख्या | धाराको पानी प्रयोग गर्ने विद्यालय | हाते पम्प र ट्याकंर बाट पानी प्रयोग गर्ने | असुरक्षित इनार तथा खोलाको पानी प्रयोग |
|---|---|---|---|---|
| जम्मा | 61 | 29 | 31 | 1 |

शिवराज नगरपालिकाका सामुदायिक विद्यालयहरुमा १० वटा विद्यालयहरुमा  पिउनका लागी खानेपानी उपलब्ध छैन भने ५१ वटा विद्यालयमा पिउनका लागि खानेपानी उपलब्ध रहेको छ ।

***तालिका नं ३.८ स्वास्थ्य संस्थाहरुमा पानीको सुविधाको अवस्था***

| वडा नं | स्वास्थ्य संख्या | धाराको पानी प्रयोग गर्ने | हाते पम्प र ट्याकंर बाट पानी प्रयोग गर्ने | असुरक्षित इनार तथा खोलाको पानी प्रयोग |
|---|---|---|---|---|
| जम्मा | 11 | 3 | 8 | |

स्वास्थ्य संस्थाहरुमा पानीको उपलब्धता मध्य ६ वटामा स्वास्थ्य संस्थाहरुमा २४ सै घण्टा पानी उपलब्ध हुन्छ भने ५ वटामा २४ सै घण्टा पानी उपलब्ध हुंदैन । पानीको शुद्धिकरणका सम्वन्धमा ४ वटा स्वास्थ्य संस्थाहरुमा संधै गरिन्छ भने ७ वटा संस्थामा कहिले पनि गरिदैन

### ३.१.९ चुनौतिहरु

खानेपानीको क्षेत्रमा शिवराज नगरपालिकामा तपशिलका चुनौतिहरु देखिएका छन ।

- चुरे पहाड क्षेत्रमा स्थायि प्रकृतिको खानेपानीका श्रोतहरुको अभाव ।
- तराई क्षेत्रमा भुमिगत जलश्रोतको सतहमा कमि ।

- सम्पन्न भइ सकेका योजनाहरुको मर्मत संभार, दिगोपन र सुचारुपन र गुणस्तर कायम राख्नु ।
- सम्पुर्ण समुदायलाइ नै व्यवस्थित खानेपानीको सुविधामा पहुँच पुऱ्याउनका लागि प्राविधिक तथा आर्थिक अपर्याप्तता ।

## ३.२ सरसफाई तथा स्वच्छताको अवस्था

### ३.२.१ घरयासी सरसफाई तथा स्वच्छताको अवस्था

शिवराज नगरपालिकाका १३५५८ घरधुरी मध्ये वास योजनाको तयारीका क्रममा ४०२ घरपरिवारको नमुना घरपरिवार सर्वेक्षण गरिएको थियो । सो नमुना घरपरिवार सर्वेक्षण गर्दा घरयासी चर्पीको अवस्था तपसिलको देखिएको छ ।

***तालिका ३.९ नमुना घरधरी सर्वेक्षणको वडागत शौचालयको विवरण***

| वडा नं. | शौचालयको अवस्था अनुसार घरपरिवार संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | सौचालय नभएको | कच्चि शौचालय | पक्कि शौचालय | |
| 1 | 203 | 43 | 1652 | 1898 |
| 2 | 45 | 11 | 960 | 1016 |
| 3 | 173 | 66 | 1248 | 1487 |
| 4 | 357 | 37 | 942 | 1336 |
| 5 | 145 | 7 | 2231 | 2383 |
| 6 | 650 | 79 | 350 | 1079 |
| 7 | 202 | 45 | 459 | 706 |
| 8 | 336 | 193 | 358 | 887 |
| 9 | 110 | 83 | 1168 | 1361 |
| 10 | 202 | 127 | 375 | 704 |
| 11 | 239 | 464 | 468 | 1171 |
| जम्मा | 2662 | 1155 | 10211 | 14028 |
| प्रतिशत | **10.94** | **23.88** | **65.17** | **100.00** |

*श्रोत: नमुना घरधुरी सर्वेक्षण २०७६*

यसै गरि प्राप्त तथ्याङ्कहरुलाई प्रक्षेपण गर्दा वडागत घरयासी शौचालयको अवस्था देहाय बमोजिम देखिन आएको छ ।

***तालिका ३.१० नमुना घरधरी सर्वेक्षणको प्रक्षेपणका आधारमा वडागत शौचालयको विवरण***

| वडा नं. | शौचालयको अवस्था अनुसार घरपरिवार संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | शौचालय नभएको | कच्चि शौचालय | पक्कि शौचालय | |
| 1 | 94 | 1419 | 411 | 1924 |
| 2 | | 103 | 828 | 931 |
| 3 | | 183 | 1361 | 1544 |
| 4 | 207 | 103 | 856 | 1166 |
| 5 | 34 | 34 | 2152 | 2220 |
| 6 | 531 | 265 | 266 | 1062 |
| 7 | 196 | 98 | 295 | 589 |
| 8 | 346 | 252 | 253 | 851 |
| 9 | | 325 | 1040 | 1365 |
| 10 | 181 | 36 | 547 | 764 |
| 11 | 117 | 292 | 733 | 1142 |
| जम्मा | **1706** | **3110** | **8742** | **13558** |

| वडा नं. | शौचालयको अवस्था अनुसार घरपरिवार संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | शौचालय नभएको | कच्चि शौचालय | पक्कि शौचालय | |
| प्रतिशत | 12.58 | 22.94 | 64.48 | 100.00 |

सोहि प्रक्षेपण गरिएको घरयासी शौचालयलाई चित्रमा प्रस्तुत गरिएको छ ।




*श्रोतः घरपरिवार सर्वेक्षणको प्रक्षेपण अनुसार २०७६*

हालसालै प्रकाशित शिवराज नगरपालिकाको वस्तुगत विवरणमा वडागतरुपमा घरायासी शौचालयको अवस्था तपसिलको उल्लेख गरिएको छ ।

***तालिका ३.११ वडागत शौचालयको विवरण***

| वडा नं. | शौचालयको अवस्था अनुसार घरपरिवार संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | शौचालय नभएको | कच्चि शौचालय | पक्कि शौचालय | |
| 1 | 116 | 505 | 1358 | 1924 |
| 2 | 13 | 886 | 32 | 931 |
| 3 | 114 | 538 | 1144 | 1544 |
| 4 | 186 | 593 | 388 | 1166 |
| 5 | 59 | 746 | 1454 | 2220 |
| 6 | 556 | 41 | 488 | 1062 |
| 7 | 107 | 278 | 204 | 589 |
| 8 | 143 | 504 | 205 | 851 |
| 9 | 119 | 1138 | 108 | 1365 |
| 10 | 15 | 732 | 17 | 764 |
| 11 | 66 | 518 | 670 | 1142 |
| **जम्मा** | **1494** | **6479** | **6068** | **13558** |
| **प्रतिशत** | **11.02** | **47.79** | **44.76** | **100.00** |

*श्रोतः नगरपालिका बस्तुगत विवरण, २०७६*

माथिका तथ्याङ्कहरुबाट शिवराज नगरपालिकामा हाल सम्म पनि १० प्रतिशत भन्दा केहि घरपरिवार शौचालय विहिन रहेको देखिन्छ । गत १३ असोज, २०७६ का दिनमा राष्ट्लाई नै खुला दिसामुक्त राष्ट घोषणा गरिइ सकेको अवस्थामा शिवराज नगरपालिकाले तदारुकताका साथ खुला दिसा मुक्तको अवस्थामा पुग्नु अपरिहार्य भएको छ ।



चित्र नं ३.६ घर वरिपरीको सरसफाइको अवस्था



चित्र नं ३.७ हात धुने व्यवस्था



चित्र नं ३.९ ठोस फोहोर व्यवस्थापन गर्ने व्यवस्था



चित्र नं ३.८ भांडा धोए पछिको फोहोरपानी बगाउने

घरवरिपरिको सरसफाईको अवस्था सर्वेक्षणमा करिब १२ प्रतिशत घरहरुमात्र एकदम सफा रहेका छन र १० प्रतिशत घरहरु फोहोर र बांकी ७८ प्रतिशत घरहरु ठिकै रहेका छन । करिब ४८ प्रतिशत घरधुरीमा हात धुने निश्चित स्थान छैन भने ४७ प्रतिशत स्थानमा साबुन सहितको र बांकी ५ प्रतिशत घरमा साबुन नभएको हात धुने स्थान रहेको छ । घरबाट निस्केको तरल फोहोर करिव ५२ प्रतिशत घर परिवारले करेशावारीमा, करिव २५ प्रतिशतले खुला नालीमा र करिव २३ प्रतिशतले त्यतिकै छाडिदिने गरेका छन । ठोस फोहोर व्यवस्थापनको अवस्था झनै कहाली लाग्दो नै छ करिब ९२ प्रतिशत घरपरिवारको फोहोर व्यवस्थापन गर्ने स्वयमले नै गर्ने र ८ प्रतिशत घरपरिवारको फोहोर सेवा प्रदायकले फोहोर संकलन गर्ने र सेवा प्रदायकले ७ प्रतिशत घरपरिवारको फोहोर जंगलमा र १ प्रतिशतको घरपरिवार बाटोको छेउछाउमा नै छाडने गरेको पाइयो । घरपरिवारमा करिब ३३ प्रतिशत घरपरिवारले कुहिने र नकुहिने फोहोर अलग अलग गर्ने गरेका र करिब ६७ प्रतिशत घरपरिवारले कुहिने र नकुहिने फोहोर अलग अलग गर्ने गरेका छैनन ।

तालिका नं ३.११ सरसफाइको स्तर (दिगो विकास लक्ष्यको आधारमा)

| सरसफाइको स्तर | व्यवस्थित | आधारभुत | सिमित | नसुधारिएको | खुला दिसा |
|---|---|---|---|---|---|

| | सरसफाइ | सरसफाइ | सरसफाइ | सरसफाइ | |
|---|---|---|---|---|---|
| **प्रतिशत** | **22.88** | **41.29** | **0** | **24.87** | **10.94** |

शिवराज नगरपालिकामा सरसफाई सेवाहरु दिगो विकास लक्ष्य (एसडीजी) का परिभाषाहरु प्रयोग गरी मूल्याङ्कन गरिएको थियो । व्यवस्थित सरसफाइमा गोवरग्यांस जडित र डबल पिट भएका शौचालयहरु छन सेप्टिक टैंक भएका शौचालयहरु लाई आधारभुत सरसफाइ र कच्चि चर्पीहरुलाइ राखिएको छ । परिभाषाका लागि तलको बक्स हेर्नुहोस । शिवराज नगरपालिकाका प्रत्येक घरका आफ्नै स्थायी शौचालयका सन्दर्भमा पनि अब खाडल भरियो भने के गर्ने भन्ने बारे पनि सोच्ने समय आइसकेको छ, तर एउटा मात्र मात्र खाडल भएको शौचालयमा खाडलमा भएको फोहोर कम्पोष्ट हुन पाएको हुदैन त्यसैले यो भरिएमा खाली गर्न गाह्रो हुन्छ । त्यसैले पूर्ण सरसफाई कार्यक्रममा दुई खाल्डे चर्पीलाई प्रर्बद्धन गर्ने पनि एजेण्डा हुनुपर्छ जसले गर्दा सबै घर परिवारलाई अर्को खाल्डो कहाँ खन्ने भनेर सोच्न प्रोत्साहित गरोस ।

**सुरक्षितरुपले व्यवस्थितसरसफाई?**

- दिगो विकास लक्ष्यले'सुरक्षित रूपले व्यवस्थित सरसफाई' लाई सुधारिएका सुविधाहरूको प्रयोग जुन अन्य परिवारसँग साझेदारी गरिएको छैन र जहाँ फोहरलाई उत्पतिस्थानमै, वा सुरक्षित रुपले फोहोर फाल्ने स्थानमा ढुवानी गरी व्यबस्थापन गरिएको' रुपमा परिभाषित गरेको छ । नेपालको सन्दर्भमा यो सामान्यतया डबल -पिट शौचालयहरूमामात्र सम्भव हुन्छ जहाँ एउटा पिट भरिएको खण्डमा अर्को प्रयोग गरिन्छ र पिटमा कम्पोस्ट हुदै गर्छ जसले गर्दा भरिएको पिट कच्चा रुपमानै फोहर निकालेर खालि गर्नु पर्दैन ।

सर्भे गर्दा प्रायोग गरिएका अन्य परिभाषाहरु निम्नानुसार छन्

- आधारभुत**Basic** :(पक्की शौचालय भएको तर अरु घरसँग साझेदारी नगरिएको एकल सेप्टिक टैंक भएका शौचालयहरु)
- सिमित:**Limited** (पक्की शौचालय भएको तर अरु घरसँग पनि साझेदारी गरिएको)
- नसुधारिएको**Unimproved** :कच्ची शौचालयहरु भएको

कुनै पनि घरमा बैज्ञानिक ढल निकासको व्यवस्था भएको तथा नगरपालिकामा पनि फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साइट तथा ढल निकासको प्रवन्ध नरहेको पाइयो ।

## ३.२.२ सार्वजनिक र सामुदायिक शौचालय

यस नगरपालिका भित्र जम्मा ३ वटा सार्वजनिक शौचालयहरु रहेका छन भने सामुदायिक शौचालयहरु छैनन । नेपालको अन्य स्थानहरु जस्तै यंहा पनि सार्वजनिक शौचालयहरुको मर्मत संभार तथा संचालन एउटा चुनौतीको रुपमा रहेको छ । शौचालयहरुमा पानीको व्यवस्थापनका लागि हाते पम्प र विजुलीका मोटरहरु जडान गरिएको छ । तथापी संचालनमा आएका ३ वटा सार्वजनिक शौचालयहरु मध्ये दुइवटाको सरसफाईको अवस्था सन्तोषजनक रहेको छैन । सार्वजनिक शौचालय प्रयोगका लागि २ वटा शौचालयमा निशुल्क छन भने १ वटा शौचालय प्रयोग गरे वापत शुल्क निर्धारण गरिएको छ । नगरपालिका भित्रका सार्वजनिक शौचालयहरुको सरसफाईको अवस्था सम्वन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ३.१२ सार्वजनिक शौचालय सम्बन्धी विवरण***

| वडा नम्बर | सार्वजनिक सौचालय रहेको स्थान | पानीको उपलब्त्रता | हात धुने ठाउँ | अपाङ्ग मैत्रि | महिला र पुरुष लाई छुट्टा छुट्टै | पिसाब फेर्ने स्थल | सरसफाई को अवस्था | शैचालयको प्रयोग |
|---|---|---|---|---|---|---|---|---|
| ५ | राजमार्ग र मुलबाटो छेउ | छ | छ | छैन | छन | छैन | ठिकै | छ |
| ५ | चन्दौटा बजार | छ | छ | छैन | छैन | छैन | ठिकै | छ |
| ५ | राजमार्ग र मुलबाटो छेउ | छ | छ | छैन | छैन | छैन | ठिकै | छ |

### ३.२.३ शैक्षिक संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था

संस्थागत सरसफाई तथा स्वच्छताका सम्वन्धमा संस्थाका शौचालयहरुमा पानीको उपलब्धता, शौचालयको पर्याप्तता, साबुनपानी र हातधुने सुविधा, महिनावारी स्वच्छता व्यवस्थापन, ठोस तथा तरल फोहोर व्यवस्थापन आदि सुचक राखेर अध्ययन गरिएको थियो । विद्यालय सरसफाई सुविधाको विवरण तल दिइएको छ ।

शिवराज नगरपालिकामा रहेका सम्पुर्ण ८७ वटा विद्यालयहरु (सामुदायिक र संस्थागत) मध्ये सबै विद्यालयहरुमा शौचालय रहेका छन । सम्पुर्ण विद्यालयमा पानीको सुविधा रहेको छ । २० वटा विद्यालयको शौचालयमा अपाङ्गमैत्रि सुविधा (Ramp) भएको पाइयो भने ६७ वटा विद्यालयमा नभएको पाइयो ।

८७ वटा  विद्यालयको शौचालय मध्ये ३० वटा विद्यालयको शौचालय निकै सफा राम्रो, ५५ वटा विद्यालयको शौचालय सफा राम्रो र २ वटा विद्यालयको शौचालयको अवस्था निकै खराव रहेको पाइयो । । छात्राहरु महिनावारी हुंदा विद्यालयमा सबै आउने ३८ वटा विद्यालयमा पाइयो भने २३ वटा विद्यालयमा कोहि पनि छात्राहरु उपस्थित नहुने रहेछन ।



चित्र नं ३.१० महिनावारी हुदा विद्यालय आउने छात्राहरु



चित्र नं ३.११ शौचालयमा अपाङ्गमैत्री सुविधा

### ३.२.४ स्वास्थ्य संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था

स्वास्थ्य संस्थाहरुमा सरसफाई र स्वच्छताको अवस्था निकै राम्रो देखियो । तथापी महिनावारी व्यवस्थापन र अपाङ्गमैत्रि सुविधाको अवस्था भने नाजुक छ । स्वास्थ्य संस्थाहरुमा पानीको व्यवस्था पनि राम्रो रहेको छ ।



चित्र नं ३.१२ महिनावारी स्वच्छता सुविधा



चित्र नं ३.१३ हात धुने सुविधा



चित्र नं ३.१४ शौचालय सरसफाई



चित्र नं ३.१५ चौबिसै घण्टा पानीको उपलब्धता

### ३.२.५ महिनावारी स्वच्छता व्यवस्थापन अवस्था

महिनावारी स्वच्छता व्यवस्थापनका सन्दर्भमा विद्यालय उमेरका किसोरी युवतिहरुमा स्यानिटरी प्याडको पहुंच तथा प्रयोगमा बृद्धि भइ राखेको भए पनि आम महिलाहरुले पुनःप्रयोग गर्न मिल्ने कपडाको प्रयोग गर्ने गरेका छन । प्रयोग भइसकेको स्यानिटरी प्याडको व्यवस्थापनको प्रवन्ध भने भएको छैन ।

विद्यालयहरुका हकमा भने कुल सामुदायिक र संस्थागत गरि ८७ वटा विद्यालय मध्यै २१ वटा विद्यालयहरुमा मात्र स्यानिटरी प्याड व्यवस्थापनको सुविधा र विद्यालयमा पनि स्यानिटरी प्याड उपलब्ध छ। यसरी अन्य उच्च मावि हरुमा पनि यो सुविधा उपलब्ध हुनु अति आवश्यक देखिएको छ।

### ३.२.६ महामारीको प्रकोप

शिवराज नगरपालिकामा पानीजन्य रोगको जस्तै रुघा खोकी, आउँ, ज्वरो र झाडापखालाका बिरामीहरु सामान्य रुपमा भेटिए पनि महामारीको रुपमा फैलिएका छैन ।

## ३.४ खानेपानी गुणस्तर अवस्था

यस नगरपालिकामा क्षेत्रमा खानेपानीको गुणस्तर परिक्षण नियमित गर्ने गरिएको छैन । तथापी प्रयोग गरिरहेको पानी पिउन योग्य छ कि छैन भनि ४०२ घरपरिवारमा सर्वेक्षण गर्दा २४६ घरले योग्य छ, १३८ घरले योग्य छैन र १८ घरपरिवारले थाहा छैन भन्ने उत्तर दिए ।

## ३.५ विपद जोखिम तथा जलवायु परिवर्तन असर र स्थानिय अनुकुलका प्रयासहरु

यस नगरपालिकामा वडास्तरमा जोखिम क्षमता विश्लेषण (Vulnerability Capacity Assesment) गरिएको थियो । सो सहभागितात्मक विश्लेषणबाट प्रमुख जोखिमको रुपमा खडेरी, डढेलो, आगलागी, बाढि जलमग्नता, हावाहुरी प्रमुख रुपामा आएका थिए । खानेपानी, सरसफाई र स्वच्छताका क्षेत्रमा त्यस्ता विपदहरुले गम्भिर असर पर्ने गरेका छन ।

यस नगरपालिकामा जलवायु उत्पन्न विपदहरुमा प्रमुख रुपमा खडेरी, जलमग्नता, शितलहतर, असिना, हावाहुरी र बाढी आदी रहेका छन् । यस मध्ये खडेरीको प्रभाव सवभन्दा बढी, दोश्रो र तेश्रोमा महामारी तथा शितलहर रहेको छ भने प्रभावका हिसावले बाढी छैटौं स्थानमा देखिएको छ । यससम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं ञ विपद्को प्रभाव*

| प्रकोप/विपद | प्रभाव अनुसार घरपरिवार | | | |
|---|---|---|---|---|
| | असर रहेको (%) | देखिएको तर प्रभाव नभएको (%) | विपद नभएको (%) | जम्मा |
| खडेरी | 68.10 | 30.54 | 1.36 | 100.00 |
| वनडँडेलो | 0.0 | 1.11 | 98.89 | 100.00 |
| आगलागी | 5.21 | 36.99 | 57.80 | 100.00 |
| बाढी | 10.58 | 72.14 | 17.28 | 100.00 |
| जलमग्नता | 2.55 | 23.43 | 74.02 | 100.00 |
| हावाहुरी | 22.25 | 25.19 | 52.57 | 100.00 |
| चट्याङ | 7.24 | 22.29 | 70.47 | 100.00 |
| असिना | 28.61 | 36.13 | 35.26 | 100.00 |
| भारी बर्षा | 0.70 | 42.17 | 57.13 | 100.00 |
| खण्ड बर्षा | 6.68 | 28.77 | 64.55 | 100.00 |
| भूक्षय | 0.00 | 0. 00 | 100.00 | 100.00 |
| तातो हावा वा लु | 0.00 | 1.48 | 98.52 | 100.00 |
| शितलहर | 43.61 | 36.17 | 20.21 | 100.00 |

| प्रकोप/विपद | प्रभाव अनुसार घरपरिवार | | | |
|---|---|---|---|---|
| | असर रहेको (%) | देखिएको तर प्रभाव नभएको (%) | विपद नभएको (%) | जम्मा |
| महामारी तथा किटाणु | 63.97 | 18.82 | 17.21 | 100.00 |

*श्रोतः राष्ट्रिय जलवायु परिवर्तन प्रभाव प्रतिवेदन, २०१६*

यस नगरपालिकाको वडा नं. ३, ४ र ७ बाहेक सबै वडाहरुमा विपद्को प्रभाव पर्ने गरेको देखिन्छ । विपद्बाट प्रभावित टोल वा बस्तीको स्थिति हेर्दा यहाँका ४२ स्थान विभिन्न खालका विपद्का कारण ग्रसित रहेको छ । वडागत विपद ग्रस्त क्षेत्रको जानकारी देहाय बमोजिम रहेको छ ।

*तालिका ३.१४: विपद् ग्रस्त क्षेत्रको विवरण*

| वडा नं. | विपद् ग्रस्त क्षेत्र | विपद् ग्रस्त क्षेत्रको नाम |
|---|---|---|
| १ | 8 | धानखोला, चोर खोला, सोनपुर, चैनपुर, भलुही, उमरी, वनकटवा, करैया |
| २ | 4 | मदरहवा, हल्लानगर, गौरिया, हरहटी |
| ३ | 0 | नरहेको |
| ४ | 0 | नरहेको |
| ५ | 6 | सहज टोल, फुलबारी टोल, बालापुर मोड, गणेश टोल, प्रगती टोल, खसी बजार |
| ६ | 7 | गडगौडा, धर्मनगर, पैकीबन्दा, सन्डी, कुदरबेटुवा, पिपरी दक्षिणडिह, गौराभारी |
| ७ | 0 | नरहेको |
| ८ | 5 | देवीपुर, बिलरहवा, पकडी, पटपर, विसुनपुर |
| ९ | 7 | दश नम्बर, रमुवादह, बानियाभार, चमरबोझिया, धान खोला, अञ्चलपुर, तुरुन्तपुर |
| १० | 3 | बकौली, गव्बापुर, लालपुर |
| ११ | 2 | जमुनबगिया, बनकट्टी टोल |
| **जम्मा** | **42** | |

*श्रोतः नगर बस्तुथिति विवरण, २०७६*

विपद्को प्रकार अनुसार जोखिमपूर्ण समयलाई हेर्दा फागुन देखि जेष्ठ सम्म आगलागी, असार देखि भदौ सम्म बाढी डुवान, असार र साउनमा पहिरो, पुष र माघमा शितलहर, बैशाख देखि साउन सम्म माहामारी, असार देखि भदौ सम्म सर्प टोकाइको प्रकोप हुने गरेको देखिन्छ । त्यसैगरी साउन, भदौ, मंसिर र पुष महिनामा जंगली जनावरबाट क्षती हुने गरेको पाइन्छ । यस सम्बन्धी विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

*तालिका ३.१५ विपदको किसिम अनुसार जोखिमको समय*

| विपद अनुसार जोखिमको समय (महिना) | | | | | | |
|---|---|---|---|---|---|---|
| आगलागी | बाढी डुवान | पहिरो | शितलहर | रोग माहामारी | सर्पको टोकाइ | जंगली जनावरबाट क्षती |
| फागुन, चैत्र, बैशाख, जेष्ठ | असार, साउन, भदौ | असार, साउन, भदौ | पुष, माघ | बैशाख, जेठ, असार, साउन | असार, साउन, भदौ | साउन, भदौ, मंसिर, पुष |

*श्रोतः नगर बस्तुथिति विवरण, २०७६*

नगरपालिकाको वडा नं. १, २, ८ र ९ मा गरी १३ स्थानमा नदी नियन्त्रण तथा उकासबाट संरक्षित क्षेत्र तथा भिरालो रोकथामका लागि वडा नं. १ को २ स्थानमा वृक्षारोपण गरेको देखिन्छ । यससम्बन्धी विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

*तालिका ३.१६ संरक्षित जमिन र भौतिक संरचना*

| संरक्षित पानीमुहान, जमीन र भौतिक संरचनाको नाम | वडा नम्बर | रहेको स्थान | संरक्षित पानी मुहान, जमीन र संरचना | |
|---|---|---|---|---|
| | | | इकाई | परिमाण |
| **नदी नियन्त्रण तथा उकासबाट संरक्षित क्षेत्रको नाम** | | | | |
| सुरही खोला (तटबन्धन) | 1 | उमरी | मि. | 160 |
| | | बनकटवा | मि. | 100 |
| | | सोनपुर | मि. | - |
| | | धान खोला | मि. | 215 |
| जवइ खोला (तटबन्धन) | 1 | चैनपुर | मि. | - |
| | | भलुही | मि. | - |
| सुरही खोला (तटबन्धन) | 2 | हल्लानगर | मि. | - |
| | | गौरिया | मि. | - |
| | | हरहटी | मि. | - |
| सुरही खोला (तटबन्धन) | 8 | महुली | मि. | 1800 |
| | | बिलरहवा | मि. | 700 |
| | | पटपर | मि. | 1000 |
| सुरही खोला (तटबन्धन) | 9 | दश नम्बर | मि. | 1000 |
| **भिरालो रोकथाम तथा संरक्षित संरचना** | | | | |
| वृक्षारोपण | 1 | धान खोला | व.मि. | - |
| | | उमरी गुफा | व.मि. | - |
| **संरक्षित गल्छी र पहिरो** | | | संख्या | |
| | | | | |

*श्रोतः नगर बस्तुस्थिति विवरण, २०७६*

यस नगर क्षेत्रमा आपतकालिन सेवा प्रदायक निकाय वा संस्थाका रुपमा सशस्त्र प्रहरी बल नं. ५ बिन्ध्यबासिनी बाहिनी मुख्यालय, वडा प्रहरी कार्यालय तथा नेपाल रेडक्रस रहेका छन् । यससम्बन्धी थप विवरण देहाय बमोजिम रहेको छ ।

***तालिका ३.१७ आपतकालिन सेवा प्रदायक निकाय वा संस्था सम्बन्धी विवर(I***

| संस्था | ठेगाना | सम्पर्क नं. |
|---|---|---|
| सशस्त्र प्रहरी बल नं.५ बिन्ध्यबासिनी बाहिनी मुख्यालय | शिवराज नपा ५, चन्द्रौटा | 9851272078 |
| वडा प्रहरी कार्यालय | शिवराज नपा ५, चन्द्रौटा | 9857090357 |
| नेपाल रेडक्रस शाखा कार्यालय | शिवराज नपा ५, चन्द्रौटा | 9857014440 |

*श्रोतः नगर बस्तुथिति विवरण, २०७६*

समग्र तराइ क्षेत्रमा जस्तै यस क्षेत्रमा पनि जलवायु परिवर्तनको असरहरु देखिन थालेको बताइन्छ । प्रमुख रुपमा खानेपानीको प्रमुख श्रोतको रुपमा रहेको भुमिगत श्रोतको पानीको सतह घटेको र अति बृष्टि अनाबृष्टीको कारणले बाढिका साथै खडेरी जस्ता समस्याहरु क्रमश बढेका छन । जलवायु अनुकुलनका लागि योजनाबद्ध तवरबाट कुनै पनि कार्यक्रमको शुरुवात भएको पाइएको छैन ।

## ३.६ योजना कार्यन्वयनमा जनताको चासो र योगदानका लागि तत्परता

यस नगरपालिकाका जनतामा खानेपानी, सरसफाई र स्वच्छताका सम्वन्धमा बढेको चासो झन स्थानिय सरकारको बहाली पश्चात चासो संगै अपेक्षा पनि झनै बढेको छ । अव सानो तिनो लगानी र

जनपरिचालनको लागि केहि समस्या छैन र यो समय खानेपानी, सरसफाई तथा स्वच्छता अभियानलाई परिमाणमुखी बनाउने उपयुक्त समय हो ।

# अध्याय ४ : खानेपानि, सरसफाई तथा स्वच्छता लक्ष्य र रणनिति

## ४.१ खानेपानि, सरसफाई तथा स्वच्छता योजनाको सोच, परिलक्ष्य तथा लक्ष्य

खानेपानी तथा सरसफाई मानव जातिकै अस्तित्वका लागि अत्यावश्यकिय तत्वहरु हुन । पानी विनाको मानव जिवनको कल्पना समेत गर्न सकिदैंन । तसर्थ मानवमात्रका लागि पनि खानेपानी र सरसफाइको सुरक्षित र सहज उपलब्धता नै प्रमुख लक्ष्य रहँदै आएको छ । यस्तैमा शिवराज नगरपालिकाले तयार गरेको यो वास योजनाको सोच र परिलक्ष्यहरु तपसिलका रहेका छन ।

**दुरदृष्टि (सोच)** यस नगरपालिकामा बसोबास गर्ने सबैका लागि सुरक्षित, पर्याप्त, सर्वशुलभ, स्विकार्य र किफायति खानेपानी तथा सरसफाईका सेवाहरु मार्फत जनस्वास्थ्य र जिवनस्तरमा सुधार ल्याउने

**परिलक्ष्य (ध्येय)** यस नगरपालिकामा पारदर्शि, प्रविधिमैत्रि, प्रयोगकर्तामैत्रि खानेपानी, सरसफाई र स्वच्छताका कार्यकमहरु संचालन गरि सन २०३० सम्ममा उच्च स्तरको वास सेवा प्रदान गर्ने ।

माथि उल्लेखित दुरदृष्टि र परिलक्ष्य प्राप्त गर्न नगरपालिकाले नेपालको सम्विधान २०७२ ले दिएको अधिकार प्रयोग गरि विभिन्न निती तथा नियमहरु बनाएर अगाडि बढने छ ।

## ४.२ खानेपानी, सरसफाई र स्वच्छताका लक्ष्य

यस नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा आगामी १० वर्षका लागि तपशिलका लक्ष्यहरु तथा नतिजाहरु तय गरिएको छ ।

### ४.२.१ खानेपानी (निर्माण, मर्मत, स्तरोन्नति र गुणस्तर)

खानेपानीका क्षेत्रमा आगामी १० वर्ष भित्रमा नगरपालिका भरिका सम्पुर्ण नागरिकहरुलाई सरुक्षित खानेपानीको पंहुच पुऱ्याउने यो वास योजनाको लक्ष्य रहेको छ ।

**अपेक्षित उपलब्धिहरु**

उपलब्धी नं. १ सम्पूर्ण शिवराज नगरपालिकावासीहरुले सुरक्षित खानेपानी सर्वसुलभ रुपमा उपयोग गर्न पाउनेछन ।

उपलब्धी नं. २ शिवराज नगरपालिकामा विभिन्न निकायहरुबाट निर्माण भै सञ्चालनमा रहेका खानेपानी योजनाहरुको मर्मत संभार तथा सुधार विस्तार भएको हुनेछ ।

उपलब्धी नं. ३ हाल सम्म खानेपानी आयोजनाहरु नपरेका क्षेत्रहरुमा प्राथमिकता दिई नयाँ आयोजनाहरु निर्माण गरिनेछ ।

उपलब्धी नं. ४ श्रोत संरक्षणका कार्यक्रमहरुलाई जलवायु परिवर्तन एवं जलाधार संरक्षणका क्षेत्रका कार्यक्रमहरु सँग एकिकृत गरी सञ्चालन गरिनेछ ।

उपलब्धी नं. ५ निर्माणाधिन तथा अब बन्ने ठूला प्रकृतिका नयाँ आयोजनाहरुमा पानी प्रशोधन प्रणाली सहित निजि धारा वितरण गर्ने गरी आबश्यक संरचनाहरु निर्माण गरिनेछ ।

उपलब्धी नं. ६ नगरपालिकामा पानी परिक्षण गर्ने प्रयोगशालको स्थापना गरि खानेपानी योजनाहरुको पानी परिक्षण गर्ने सेवा प्रदान गरिनेछ ।

उपलब्धी नं. ७ खानेपानी योजना उपभोक्ता समितिहरुको संस्थागत क्षमता अभिबृद्धि भई खानेपानी योजनाको सुचारुपन पनि कायम हुनेछ ।

### ४.२.२ पूर्ण सरसफाई यूक्त समुदाय

नगरपालिकामा अहिले पनि करिब १० प्रतिशत भन्दा बढि शौचालय विहिन र २४ प्रतिशत जति कच्चि शौचालयहरु भएको घरधुरी रहेको अवस्थामा शौचालय विहिनहरुलाई शौचालय निर्माण गर्न लगाउनु र कच्चि शौचालय हुने घरधुरीको स्तरोन्नति गरेर पूर्ण सरसफाइ अभियानको अवस्थामा पुग्नु धेरै

चुनौतिपुर्ण छ । ठोस तथा तरल फोहोर व्यबस्थापनको अवस्था पनि निराशाजनक छ । प्रभावकारी अनुगमन प्रणाली क्रियाशिल बनाउन सकिएको छैन ।

**अपेक्षित उपलब्धिहरु**

**उपलब्धि नं. १** समुदायका सबै घर परिवारमा पक्की शौचालय निर्माण गरी प्रयोग पूर्णरुपमा गरेका हुनेछन् ।

**उपलब्धि नं. २** खुल्ला रुपमा फोहोर फाल्ने प्रबृतिको नियन्त्रण र न्युनिकरण भएको हुनेछ । सो प्रयोजनका लागि कम्तिमा एक वटा व्यवस्थित ल्याण्डफिल साइटको निर्माण हुनेछ ।

**उपलब्धि नं ३** नगरपालिका भरी २८ वटा सार्वजनिक शौचालय निर्माण भइ व्यवस्थित रुपमा संचालनमा आउने छ ।

**उपलब्धि नं ४** समुदायका कम्तिमा आधा घरपरिवारको शौचालयको मानवजन्य लेदो व्यवस्थापन भएको र बांकी आधा घरपरिवारको स्वयमले नै सुरक्षित व्यवस्थापन भएको हुनेछ

**उपलब्धि नं ५** समुदायका सम्पुर्ण व्यक्तिहरुले जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धोएका हुने छन

**उपलब्धि नं ६** समुदायका सम्पुर्ण महिलाहरुले महिनावारी स्वच्छताको महत्व जानकारी पाउने छन र ५० प्रतिशतले स्यानिटरी प्याड बांकी ५० प्रतिशतले पुनःप्रयोग गर्न मिल्ने सफा कपडाको प्रयोग गरेका हुनेछन ।

### ४.२.३ विद्यालय पूर्ण सरसफाइ

आगामी १० वर्ष भित्रमा शिवराज नगरपालिकामा रहेका सम्पुर्ण सामुदायिक विद्यालय, कलेज, प्राविधिक विद्यालयहरुमा सुरक्षित खानेपानी र प्रयोगकर्ता मैत्रि शौचालयहरुको विकास गरि सम्पुर्ण शैक्षिक संस्थाहरुलाई पुर्ण सरसफाइ युक्त विद्यालय घोषण हुनेछ ।

**अपेक्षित उपलब्धिहरु**

उपलब्धि नं. १ सबै सामुदायिक र संस्थागत विद्यालयहरु, सबै प्रकारका क्याम्पस एवं कलेजहरु, शिक्षलयहरु र विश्व विद्यालयका शौचालयहरु बालमैत्री र लैंगिकमैत्री भएका हुनेछन् भने अब नयाँ बन्ने संरचनामा बाल तथा लैगिक मैत्री सुबिधाको ब्यबस्था गरिनेछ ।

उपलब्धि नं. २ सबै सामुदायिक र संस्थागत विद्यालयहरु, सबै प्रकारका क्याम्पस एवं कलेजहरु, प्राविधिक शिक्षालयहरुमा खानेपानीको ब्यबस्था हुनेछ भने शौचालयहरु नियमित सरसफाइ गरी प्रयोग योग्य हुनेछ ।

उपलब्धि नं. ३ सम्पूर्ण बिद्यालयहरु पूर्णसरसफाइ क्षेत्रको रुपमा विकसित भएको हुनेछ ।

उपलब्धि नं. ४ सम्पूर्ण बिद्यालयमा स्वस्थकर बानी ब्यवहार अपनाउने गरिएको हुनेछ ।

### ४.२.४ कार्यालय र स्वास्थ्य संस्थाहरुमा खानेपानी र सरसफाइ

आगामी पांच वर्षमा यस नगरपालिका भरिका सबै सरकारी, गैर सरकारी र निजि क्षेत्रका कार्यालयहरुमा सुरक्षित खानेपानी र स्वच्छ शौचालयको व्यवस्था हुनेछ ।

**अपेक्षित उपलब्धिहरु**

उपलब्धि नं. १ पांच बर्षभित्र सम्पूर्ण कार्यालयहरुमा प्रयोगकर्तामैत्री शौचालय, खानेपानी र हात धुने ब्यवस्था भएको हुनेछ ।

उपलब्धि नं. २ सबै कार्यालयहरुमा आआफ्नो कार्यालयको ब्यवस्थापनका साथै रंगरोगन र बगैचा ब्यवस्थित भएको हुनेछ ।

उपलब्धि नं. ३ सम्पूर्ण कर्मचारीहरुको सरसफाइ सम्बन्धि ब्यवहारमा परिवर्तन आएको हुनेछ

## ४.२ राष्ट्रिय लक्ष्य, अवधि र रणनिति (क्षेत्रगत सुधार योजना) संगको मिलान

यस शिवराज नगरपालिका वास योजनाले नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार पारिएको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (Sector Development Plan) २०७३ - २०८७ का सिद्धान्त, लक्ष्य तथा रणनितिहरुलाई अंगिकार गरेको छ । त्यसैले यसमा प्रस्ताव गरिएका खानेपानी तथा सरसफाईका योजनाहरुको निर्माण नेपाल सरकारको क्षेत्रगत विकास योजनामा परिलक्षित गरेको अवधि लक्ष्य र सिद्धान्तमा समेत तादाम्यता मिलाई सोहि बमोजिम कार्ययोजनाहरु तय गरि कार्यान्वयनमा गर्दै जाने लक्ष्य लिएको छ । सोहि क्षेत्रगत विकास योजनाले परिभाषित गरेको ५० प्रतिशल जनताले उच्च स्तरको खानेपानी सेवा र बांकी ५० प्रतिशत जनताहरुले मध्यम स्तरको खानेपानी सेवा सन २०३० सम्म प्राप्त हुने गरि योजना बनाइन कार्यान्वयन योजना बनाईएको छ ।

***तलिका नं . ४.१ : क्षेत्रगत सुधार योजनाको अवधि र लक्ष्यहरु***

| अवधि | लक्ष्यहरु |
|---|---|
| तात्कालिन चरण (सन २०१६ देखि २०२०) | • सवैको आधारभुत वास सेवामा पँहुच<br>• सेवाको स्तरमा सुधार (मध्यम २५% र उच्च १५%) जनता |
| मध्यकालिन चरण (सन २०२१ देखि २०२५) | • सेवाको स्तरमा सुधार (मध्यम ४०% र उच्च ३०%) जनता<br>• कार्यक्षमता र दिगोपनामा सुधार |
| दिर्घकालिन चरण (सन २०२६ देखि २०३०) | • सेवाको स्तरमा सुधार (मध्यम ५०% र उच्च ५०%) जनता<br>• प्रभाव लेखाजोखा |

***तलिका नं ४.२. खानेपानि सेवा स्तरको वर्गिकरण***

| **परिमितिहरु** | | **सेवाको स्तर** | | | |
|---|---|---|---|---|---|
| | | **निम्न** | **आधारभुत** | **मध्यम** | **उच्च** |
| **आवश्यकता** | **परिमाण (एल पि सि डी)** | २५-४५ | ४५-६५ | ६५-१०० | १००-१५० |
| | **स्वच्छता** | नभएको | सबै आधारभुत व्यक्तिगत र खाद्य स्वच्छता संभव, कपडा धुन नुहाउन अपुग | सबै आधारभुत व्यक्तिगत र खाद्य स्वच्छता सुनिश्चित, कपडा धुन र नुहाउन पनि सुनिश्चित | सबै स्वच्छताका आवश्यकताहरु पुरा हुने |
| **गुणस्तर** | | पिउन योग्य | राष्ट्रिय गुणस्तर मानक (ग्रामिण मापदण्ड) पुरा गर्छ | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ |
| **शुलभ पंहुच** | | २५% भन्दा कम उपभोक्ताले निजि धारा जडान | २५% भन्दा बढि उपभोक्ताले निजि धारा जडान गरेको | १००% उपभोक्ताले निजि धारा जडान गरेको | १००% उपभोक्ताले निजि धारा जडान गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| **विश्वसनियता** | **वितरण अवधि घण्टा/दिन** | | ८ घण्टा (अधिक माग समयमा) | १२ घण्टा दिनको समयमा | २४ घण्टा |
| | **निरन्तरता** | | एक महिनामा एक पटकसम्म सेवा अवरुद्ध | तिन महिनामा एक पटकसम्म सेवा अवरुद्ध | बाह्र महिनामा एक पटकसम्म सेवा अवरुद्ध |
| **लचकता** | | | अबरुद्ध सेवा २ दिन भित्र सुचारु हुने | अबरुद्ध सेवा १ दिन भित्र सुचारु | अबरुद्ध सेवा १ दिन भित्र सुचारु |
| **अधिक माग धान्ने क्षमता** | | | | अचानक १०% अधिक माग धान्ने | अचानक १०% अधिक माग धान्ने |
| **सेवा सन्तुष्टि स्तर** | | नगरेको | नगरेको | ७५% | ९०% |

## ४.३ खानेपानि योजनाहरुको सेवा स्तर र सुविधामा पंहुच

शिवराज नगरपालिकाका सवै वडाहरुमा घरधुरी, सार्वजनिक स्थल, विद्यालयहरु र संस्थाहरुको सर्वेक्षण र तथ्याङ्क विश्लेषण पश्चात वडा स्तरिय योजना तर्जुमा गोष्ठिको छलफलबाट प्राप्त तथ्याङ्क र छलफलबाट प्राप्त सुझावको आधारमा आवस्यक परिमार्जन गरी यस शिवराज नगरपालिका वास योजना तयारी गोष्ठिको निर्णय बमोजिम नगरपालिकाले अनुमोदन गरी वास प्लानमा प्राथमिकताक्रम तोकेर समाबेस भएका छन ।

**आधारभुत खानेपानीको सुविधामा पंहुच**

आगामी आ व २०७९/८० भित्रमा नगरपालिका भरिका सबै घरमा आधारभुत स्तरको खानेपानी सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ ।

**मध्यम स्तरको खानेपानीको सुविधामा पंहुच**

आगामी आ व २०८३/८४ भित्रमा नगरपालिका भरिका सबै घरमा आधारभुत स्तरको खानेपानी सुविधा मा स्तर बृद्धि गरि मध्यम स्तरको खानेपानी सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ ।

**उच्च स्तरको खानेपानीको सुविधामा पंहुच**

आगामी आ व २०८६/८७ सम्ममा नगरपालिका भरिका ५० प्रतिशत घर परिवारमा उच्च स्तरको खानेपानी सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ ।

## ४.४ सरसफाई तथा स्वच्छता लक्ष्य

यो शिवराज नगरपालिका वास योजनाले सन २०३० सम्ममा सम्पुर्ण नगरपालिकालाई पुर्ण सरसफाई युक्त नगरपालिकाको स्तरमा पुऱ्याउने लक्ष्य लिइएको छ । यसको लागि तपसिलका आवधिक योजनाहरु तय गरिएको छ ।

**पहिलो चरण:** यस चरणमा सन २०२२ सम्ममा एकवटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ ।

**दोश्रो चरण:** यस चरणमा सन २०२५ सम्ममा थप ५ वटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ ।

### सुरक्षितरुपले व्यवस्थितसरसफाई?

- दिगो विकास लक्ष्यले'सुरक्षित रूपले व्यवस्थित सरसफाई' लाई सुधारिएका सुविधाहरूको प्रयोग जुन अन्य परिवारसँग साझेदारी गरिएको छैन र जहाँ फोहरलाई उत्पतिस्थानमै, वा सुरक्षित रुपले फोहोर फाल्ने स्थानमा ढुवानी गरी व्यबस्थापन गरिएको' रुपमा परिभाषित गरेको छ । नेपालको सन्दर्भमा यो सामान्यतया डबल -पिट शौचालयहरूमामात्र सम्भव हुन्छ जहाँ एउटा पिट भरिएको खण्डमा अर्को प्रयोग गरिन्छ र पिटमा कम्पोस्ट हुदै गर्छ जसले गर्दा भरिएको पिट कच्चा रुपमानै फोहर निकालेर खालि गर्नु पर्दैन

सर्भे गर्दा प्रायोग गरिएका अन्य परिभाषाहरु निम्नानुसार छन्

- आधारभुत**Basic** :(पक्की शौचालय भएको तर अरु घरसँग साझेदारी नगरिएको एकल सेप्टिक टैंक भएका शौचालयहरु)
- सिमित:**Limited** (पक्की शौचालय भएको तर अरु घरसँग पनि साझेदारी गरिएको)
- नसुधारिएको**Unimproved** :कच्ची शौचालयहरु भएको

**तेश्रो चरण:** यस चरणमा सन २०३० सम्ममा थप ५ वटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ । सम्पुर्ण वडामा ठोस तथा तरल फोहोर व्यवस्थापन प्रणालीको व्यवस्था गरिने लक्ष्य लिइएको छ । सम्पुर्ण विद्यालय, सार्वजनिक स्थान तथा स्वास्थ्य र संघ संस्थाहरुमा महिलामैत्रि, अपाङ्गमैत्रि तथा बालमैत्रि शौचालयहरुको व्यवस्था गरिने छ ।

## ४.५ खानेपानि, सरसफाई तथा स्वच्छता कार्यान्वयन रणनिति

नगरपालिका द्वारा तय गरिएका खानेपानी, सरसफाई तथा स्वच्छता (वास) सम्वन्धि लक्ष्य पुरा गर्न नगरपालिका क्षेत्रमा भएका सरोकारवालाहरुको छरिएका प्रयासहरुलाई एकिकृत गर्नु नै यस योजनाको प्रमुख रणनिति हुनेछ । तसर्थ गाँउपालिका क्षेत्रमा कार्यरत सम्पुर्ण सरोकारवालाहरुले आफ्नो कार्यक्रमको योजना तथा कार्यान्वयनका लागि तपसिलका रणनितिहरु अवलम्वन गरिने छ ।

- नगरपालिकाले खानेपानी तथा सरसफाईका क्षेत्रमा तय गरेको लक्ष्य प्राप्त गर्नका लागि अपुग रकम व्यवस्थापनका लागि अन्य निकायहरु संग समन्वयकारी भुमिका निर्वाह गर्ने
- स्थानिय सरकारको नेतृत्वमा कार्यक्रम सञ्चालन गरीनेछ ।
- वडाहरुले आफ्नो वार्षिक बजेट तय गर्दा खानेपानी तथा सरसफाईका क्षेत्रमा कम्तिमा पनि १० प्रतिशत रकम विनियोजन गर्ने निति कार्यान्वयन गरिने छ । तर योजनाहरुको मागका आधारमा रकम बढि पनि विनियोजन गर्न सकिने छ ।
- विद्यालय, सरकारी कार्यालय तथा संघसंस्था, राजनीतिक दलको कार्यालयमा बालमैत्री, लैंगिक तथा अपांग मैत्री चर्पी निर्माण तथा प्रयोगको सुनिश्चतता गरीनेछ ।
- सम्पूर्ण विद्यालयहरुमा अनिवार्य रुपमा यूरिनल सहितका शौचालय निर्माण र बिद्यालयहरुमा महिनावारी स्वच्छता सामाग्री र व्यवस्थापन समेतको सुबिधा सुनिश्चित गराउने ।
- सबै घरधुरीमा चर्पी एवं संस्थागत आवश्यकता अनुसार सार्वजनिक स्थानमा शौचालयहरुको निर्माण गरी चर्पीमा सबैको पहुँच र साबुन पानी सहितको प्रयोगको सुनिश्चितता गरिने छ ।
- घरयासी चर्पी निर्माणको लागि सम्वन्धित घरपरिवारलाई नै जिम्मेवार बनाईने छ र त्यसको लागि आर्थिक अनुदान उपलब्ध गराइने छैन भने शारिरिक रुपमा अशक्त, अपाङ्ग र एकल महिलाहरुका लागि अनुगमन समितिको सिफारिसमा आर्थिक सहयोग उपलब्ध गराउने निति लिईने छ ।
- चर्पी बनाउने आर्थिक हैसियत भएकाले पनि चर्पी बनाउन अटेर गरेमा नगरपालिकाबाट उपलब्ध गराउने सिफारिस तथा सहयोगहरु उपलब्ध गराइने छैन ।
- सार्वजनिक शौचालय सन्चालनका सम्वन्धमा परम्परागत रुपको सशुल्क विधिमा पुनर्विचार गरि विभिन्न आय आर्जनका गतिविधिहरु संग जोडिने छ जस्तै अगाडि पसल चलाउने र पछाडि सार्वजनिक शौचालय हुने वा गोवार ग्याँसमा जडान गर्ने आदि
- समुदायमा गोवरग्याँस, सुधारीएको चुल्हो, करेसाबारी, कम्पोष्ट पिट, जुठेल्नो, चाङ्ग (भाडा सुकाउने ठाउँ), खोर, भकारो आदिको निर्माण तथा प्रयोग, सम्पूर्ण घरपरीवारहरुमा प्रोत्साहित गराउने ।
- प्रत्येक वडाको कार्ययोजनामा जलवायु परिवर्तनको प्रभाव, विपत न्यूनीकरण कियाकलाप तथा महिनावारी व्यवस्थापन सम्बन्धी मुद्धाहरुलाई पहिचान र सम्बोधन गरिनेछ ।
- सरोकारवाला तथा निकायहरुले नगरपालिका स्तरीय खानेपानी सरसफाइ स्वच्छता रणनिति सँग मेल हुने गरी आफ्ना कार्ययोजना तथा क्रियाकलाप तर्जुमा गर्नु पर्नेछ ।
- जलवायु परिवर्तनका असरहरु कम गर्न जलवाय अनुकुलन योजनालाई विशेष प्राथमिकतामा राखि कार्यान्वयन गरिने छ ।
- कार्ययोजनाले तय गरेका खानेपानी तथा सरसफाईका क्षेत्रको कार्ययोजना अनुसरका योजनाहरु कार्यान्वयनका लागि नगरपालिकामा वास शाखा गठन गरिने छ । उक्त वास शाखा अन्तर्गत एउटा

सूचना केन्द्रको स्थापना गरिनेछ र सो सूचना केन्द्रमा सम्पूर्ण कार्यक्रम, सूचना तथा विवरणहरु अध्यावधिक गरिनेछ ।

- बजार र बजार उन्मुख क्षेत्रहरुमा उत्पन्न हुने ठोस तथा तरल फोहोर को Grading तथा ब्यबस्थापनका लागी उचित स्थानमा ल्याण्डफिल्ड क्षेत्र को निर्माण गरीनेछ ।
- खानेपानी तथा सरसफाई सेवाको दिगोपनाका लागि निजि संस्थाहरुको संलग्नतालाई समेत प्रोत्साहन र वातावरण तयार गर्न नगरपालिकाले भुमिका खेल्ने छ ।
- नगरपालिकामा कम्तिमा पनि एक स्थानमा खानेपानी गुणस्तर मापन केन्द्र स्थापना गरिने छ ।
- नगरपालिकामा खानेपानी तथा सरसफाई कार्यक्रमका लागि एउटा छुट्टै कोषको स्थापना गरिने छ । जसको संचालन गाँउपालिका वास समन्वय समितिले गर्ने छ ।

## ४.६ पुर्ण सरसफाई प्राप्ति लक्ष्य

शिवराज नगरपालिका भर हालमा पक्की ६५.१७ प्रतिशत, कच्ची/सामान्य शौचालय २३.८८ प्रतिशत शौचालय र १०.९४ प्रतिशत घरधुरीमा शौचालय नै नरहेको अवस्था छ भने ५२ प्रतिशत भन्दा बढी घरहरुमा हात धुने सुबिधा छ । नगरपालिका खुला दिसा मुक्त घोषणा पछि पुर्ण सरसफाईको गतिविधि नगन्य मात्रामा रहेको छ । नगरपालिका स्तरिय वास समन्वय समितिको पुनर्गठन भएको छैन, स्पष्ट कार्यविधि र रणनैतिक योजना पनि छैन । प्रभावकारी अनुगमन प्रणाली क्रियाशिल बनाउन सकिएको छैन । मानिसहरुको सरसफाइ सम्बन्धी आनीबानीमा ठूलो परिवर्तन ल्याउन आवश्यक छ । ठोस फोहोर ब्यबस्थापन र तरल फोहोर व्यवस्थापन को अवस्था पनि सन्तोषजनक छैन तर मानिसहरुमा सरसफाइ प्रतिको चेतनाको स्तरमा विकास भएको छ । पुर्ण सरसफाईका सम्पुर्ण सुचकहरुको अवस्था अनुगमन गर्नका लागि नगरपालिका स्तरिय वास अनुगमन समिति गठन गरिने छ । नगरपालिकालाई पुर्ण सरसफाई उन्मुख गराउनका लागि तपसिलका कामहरु गरिनेछ ।

पूर्ण सरसफाई ?
क। पाँच मुख्य सरसफाई तथा स्वच्छता व्यवहारहरु
• चर्पीको प्रयोग
• जोखिमपूर्ण अवस्थामा साबुन वा सफा गर्ने सामग्री र पानीले हात धुने अभ्यास
• घरायसी तहमा सुरक्षितरुपमा पानीको प्रयोग र सुद्दिकरण जस्तै ) घरायसी तहमा पानी सुद्दिकरणका विधिहरुको प्रयोग(
•, व्यक्तिगत सरसफाई गर्नेनियमितनङ ) काट्ने ,नुहाउने, कपडा धुने, दैनिक रुपमा कपाल कोर्ने ,दांत माझ्ने आदि ,(
• घर भित्र र घर बाहिर ठोस तथा तरल फोहरमैला व्यवस्थापन
ख।घरायसी सरसफाई
• सबै घरधुरीहरुमा चर्पी हुनुपर्ने र हत्धुने सुबिधा उपलब्ध हुनुपर्ने जस्ता साबुन, भाडासफा गर्ने प्लेटफर्म आदि
• चर्पिमा ब्रस सफा , गर्ने सामग्री आदि
• पानी र खानेकुरा छोपेर राख्ने
• घरका कोठाहरु, आगनर घर वरिपरिको नियमित सरसफाई
• गोठको उचित व्यवस्थापन भएको
• फोहोर पानी संकलन खाडल छोपिएको हुनुपर्ने
• सुरक्षित खानेपानीको सुविधामा पहुच भएको हुनुपर्ने
•ठोस फोहरमैला व्यवस्थापनको लागि फोहर संकलन तथा व्यवस्थापनको लागि भाँडो तथा खाडलहुनुपर्ने , र
• सुधारिएको चुलो वा बायोग्यास हुनुपर्नेऐ )च्छिक (
*श्रोत: सरसफाई तथा स्वच्छता* रुग *योजना,*

- घरघरमा कम्पोष्ट च्याम्बर बनाउने, फोहोरहरुको वर्गीकरण गर्ने अभियान
- सम्पुर्ण घर परिवारमा चर्पि निर्माण तथा प्रयोगको सुनिश्चितता
- घरयासी पानी शुद्धिकरणका विधिहरुको प्रयोग
- सार्वजनिक शौचालय ब्यबस्थापन
- ठोस तथा तरल फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साइट तथा तरल फोहोर शुद्धिकरण प्लान्ट निर्माण

# अध्याय ५ : कार्ययोजना तथा कार्यक्रमहरुको प्राथमिकिकरण

## ५.१ खानेपानी योजनाहरुको पहिचान तथा योजना

### ५.१.१ नयां खानेपानी योजनाहरु

नयाँ खानेपानीहरु निर्माण गर्दा एक घर एक धाराको निति अवलम्वन गरिनुका साथै भुमिगत पानीको श्रोत भएकोले ओभरहेड टैंकको अलावा पानी शुद्धिकरणका लागि आवस्यक संरचनाहरु पनि निर्माण गरिने छ । आगामी आ व २०७७/७८ बाट कार्यान्वयन हुने गरि प्रदेश खानेपानी तथा सरसफाई कार्यालयबाट वडा नं १, २ र ३ नं मा पुरा वडालाई नै समेटने गरेर ३ वटा खानेपानी योजनाको सर्वेक्षण कार्य भएको छ र वडा नं ३ को खरेन्द्रपुर खानेपानी योजनाले वडा नं ४ को बनकट्टि र वडा नं ११ को नयांबस्ति टोल समेत जोडेर प्रस्ताव गरिएको छ । तसर्थ यंहा ति १ र २ वडाका खानेपानी योजनाहरु प्रस्ताव गरिएको छैन र ३ नं वडाका केहि बांकी रहेका समुदायमा भने प्रस्ताव गरिएको छ । ।

***तालिका नं ५.१ प्रस्तावित खानेपानी योजनाहरुको विवरण***

| क स | कृयाकलाप/ योजना | वडा नं | टोल | घरधुरी | जनसंख्या | योजनाको किसिम | अनुमानित लागत |
|---|---|---|---|---|---|---|---|
| १ | भलुही खानेपानी | १ | भलुही | 165 | 837 | | 10,044,000 |
| २ | दोवाटा खानेपानी | १र ९ | दोवाटा | 126 | 639 | | 7,668,000 |
| ३ | बुलकिया मैनार | ३ | बुलकिया मैनार | 80 | 420 | डिप बोरिगं | 5,040,000 |
| ४ | भितरिया खानेपानी | ३ | भितरिया | 80 | 420 | | 5,040,000 |
| ५ | बलुहवा होचवा | ३ | बरुहवा, होचवा | 250 | 1122 | | 13,464,000 |
| ६ | पिपरा बर्गदवा खानेपानी | ४ | पिपरा, बर्गदवा | 250 | 2340 | | 28,080,000 |
| ७ | चनई गुलरी खानेपानी | ४ | चनई गुलरी | 500 | 2925 | | 35,100,000 |
| ८ | बसन्तपुर, डकहिया खानेपानी | ४ | बसन्तपुर, डकहिया | 200 | 1170 | | 14,040,000 |
| ९ | रहटकोल खानेपानी | ५ | रहटकोल | 150 | 673 | | 8,076,000 |
| १० | नौडिहवा खानेपानी | ५ | नौडिहवा, सुकम्वासी टोल | 200 | 897 | | 10,764,000 |
| ११ | खेरी चैनपुर | ५ | खैरी चैनपुर, हेलोडिहवा, नया वस्ति, रतन्धि | 190 | 1750 | | 21,000,000 |
| १२ | विरपुर खानेपानी | ६ | विरपुर | 562 | 3427 | | 41,124,000 |
| १३ | उदर भेटवा खानेपानी | ६ | उदर भेटवा | 500 | 3049 | | 36,588,000 |
| १४ | जुमिली खानेपानी | ७ | जुमिली, निविहवा, नौगजवा, बालानगर | 389 | 2295 | | 27,540,000 |
| १५ | रुद्रपुर खानेपानी | ७ | रुद्रपुर, जवाभारी, वेउवा | 200 | 1180 | | 14,160,000 |
| १६ | विसुनपुर खानेपानी | ८ | विसुनपुर, सोडवा, महुली | 352 | 2249 | | 26,988,000 |
| १७ | कोटवा खानेपानी | ८ | कोटवा, पटपर, | 380 | 2428 | | 29,136,000 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पकडी, लक्ष्मणपुर | | | | |
| १८ | सडवा खानेपानी | | सडवा र विद्यालय | 100 | 602 | | 7,224,000 |
| १९ | थुनिया खानेपानी | ११ | थुनिया (छोडकी, बडकी, मेटहवा, | 500 | 3011 | | 36,132,000 |
| २० | भदौरवा खानेपानी | ११ | भदोरवा, जामुनबगिया, पुर्व पश्चिम सेमरी | 310 | 1867 | | 2,404,000 |
| २१ | जोगिडिहवा | ११ | जोगिडिहवा, कुशहवा, मर्जादपुर | 232 | 1397 | | 16,764,000 |
| | | | | **6025** | **33222** | | **416,376,000** |

### ५.२.२ संचालित खानेपानी योजनाहरुको मर्मत सम्भार, पुननिर्माण, स्तरोन्नती

***तालिका नं ५.२ स्तरोन्नति तथा विस्तार गरिने खानेपानी योजनाहरुको विवरण***

| **क स** | **कृयाकलाप/ योजना** | **वडा नं** | **टोल** | **घरधुरी** | **योजनाको किसिम** | **अनुमानित लागत** |
|---|---|---|---|---|---|---|
| १ | नारायणडि खानेपानी | ९ | स्तरोन्नति | 101 | भुमिगत | 546145 |
| २ | अर्तियो रोड खानेपानी | ९ | स्तरोन्नति | 135 | भुमिगत | 924555 |
| ३ | तुरुन्तपुर खानेपानी | ९ | स्तरोन्नति | 121 | भुमिगत | 10190386 |
| ४ | शिवगढी खानेपानी | ९ | स्तरोन्नति | 383 | भुमिगत | 2107046 |
| ५ | चन्द्रौटा खानेपानी | ५ | स्तरोन्नति र विस्तार | 1005 | भुमिगत | 43484636 |
| | | | | | | 57252768 |

### ५.२.३ खानेपानी सुरक्षा योजना, गुणस्तर पहिचान तथा गुणस्तर सुनिश्चितता

सम्पुर्ण निर्माण सम्पन्न भइ सकेका, निर्माणाधिन र प्रस्तावित खानेपानी योजनाहरुमा खानेपानी सुरक्षा योजना लागु गरिने छ । सुरक्षा योजना कार्यान्वयनका लागि अति आवश्यक खानेपानी गुणस्तर परिक्षणका लागि नगरपालिकाका केहि प्राविधिक कर्मचारीहरुलाई पानी गुणस्तर परिक्षण तालिममा सहभागी गराएर नगरपालिकामा खानेपानी गुणस्तर परिक्षणको व्यवस्था मिलाइने छ । पानी परिक्षण पश्चात पानीको गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरु सन्चालनका साथै आवस्यक खानेपानी योजनाहरुमा पानी शुद्दिकरण कार्यक्रम समेत कार्यान्वयन गरिने छ ।

## ५.३ सरसफाई योजनाहरुको पहिचान तथा योजना

### ५.३.१ घरयासी शौचालय निर्माण तथा स्तरोन्नति

घरयासी शौचालयहरु निर्माण तथा स्तरोन्नतिका लागि अनुगमन समिति बनाएर अनुगमन चर्पी नभएका घरहरुलाई निश्चित समय दिएर बनाउन लगाइने छ र चर्पी नबनाउने घरहरुलाइ रणनितिमा उल्लेख भए बमोजिम कार्वाहीको प्रकृया अगाडी बढाइने छ ।

***तालिका नं ५.२ नयाँ निर्माण तथा स्तरोन्नति गरिने शौचालयहरुको विवरण***

| **क स** | **शौचालय नभएका घर** | **कच्चिरसामान्य शौचालय सुधार** | **जम्मा संख्या** | **अनुमानित लागत** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | 94 | 1419 | 1513 | 2269500 |
| २ | | 103 | 103 | 154500 |
| ३ | | 183 | 183 | 274500 |
| ४ | 207 | 103 | 310 | 465000 |
| ५ | 34 | 34 | 68 | 102000 |
| ६ | 531 | 265 | 796 | 1194000 |
| ७ | 196 | 98 | 294 | 441000 |
| ८ | 346 | 252 | 598 | 897000 |
| ९ | | 325 | 325 | 487500 |
| १० | 181 | 36 | 217 | 325500 |
| ११ | 117 | 292 | 409 | 613500 |
| जम्मा | 1706 | 3110 | 4816 | 7224000 |

### ५.३.२ संस्थागत शौचालय (विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक) निर्माण तथा स्तरोन्नति

सार्वजनिक तथा संस्थागत शौचालय निर्माण, संचालन तथा मर्मतका लागि सम्वन्धित संस्थाहरुलाई जिम्मेवार बनाइने छ । धेरै जस्तो स्थानमा शौचालयहरु भएको तथा संचालनको अवस्था खराव रहेको र संरचनाहरु बाल मैत्रि, अपाङ्ग मैत्रि तथा महिला मैत्रि नभएको अवस्थामा मर्मत सम्भार तथा स्तरोन्नतिका अलावा सार्वजनिक शौचालयहरुको हकमा भने मर्मत सम्भारको सुनिश्चितता पछि मात्र निर्माण गरिने छ ।

***तालिका नं ५.३ संस्थागत शौचालय निर्माण तथा मर्मत विवरण विवरण***

| क स | कृयाकलाप/ योजना | वडा नं | टोल | अनुमानित लागत |
|---|---|---|---|---|
| **क)** | **सार्वजनिक शौचालय** | | | |
| १ | नयां सार्वजनिक शौचालय निर्माण | १ | बेलौति चोक, हाटबजार | 1500000 |
| २ | नयां सार्वजनिक शौचालय निर्माण | १ | सरस्वति मावि नेर | 1500000 |
| ३ | नयां सार्वजनिक शौचालय निर्माण | १ | औरहि चोक | 1500000 |
| ४ | नयां सार्वजनिक शौचालय निर्माण | १ | भलुहि | 1500000 |
| ५ | नयां सार्वजनिक शौचालय निर्माण | २ | हल्लानगर, हाटबजार | 1500000 |
| ६ | | २ | बालपुर चोक (भर्खर निर्माण) | |
| ७ | | ३ | खरेन्द्रपुर चोक | 1500000 |
| ८ | हाट बजारमा ३ वटा जरुरी छ। | ५ | हाटवजार | 4500000 |
| ९ | | ६ | पिपरी | 1500000 |
| १० | | ६ | धर्मनगर | 1500000 |
| ११ | | ७ | रुद्रपुर चोक | 1500000 |
| १२ | | ७ | जवाभारी चोक | 1500000 |
| १३ | | ७ | निविहवा चोक | 1500000 |
| १४ | | ७ | विमुहवा | 1500000 |
| १५ | | ७ | जुम्लिगाउंको उत्तर तिर | 1500000 |
| १६ | | ८ | विसुनपुर | 1500000 |
| १७ | | ९ | तुरन्तपुर चोक | 1500000 |
| १८ | | ९ | भगवानपुर हाट बजार | 1500000 |

| | | | | |
|---|---|---|---|---|
| १९ | | ९ | बनियाभार चोक | 1500000 |
| २० | | ९ | नयां बस्ति | 1500000 |
| २१ | | १० | शितलपुर चोक गाउं पश्चिम तिर | 1500000 |
| २२ | | १० | लालपुर चोक | 1500000 |
| २३ | | ११ | थुन्हिया | 1500000 |
| २४ | | ११ | सेमरी | 1500000 |
| २५ | | ११ | भदौखर्क | 1500000 |
| २६ | | ११ | बसन्तपुर चोक | 1500000 |
| **ख)** | **विद्यालय सरसफाई (सामुदायीक)** | | | |
| | बिद्यालय शौचालय मर्मत तथा रंग रोगन ( ६०. वटा बिद्यालय) | | सबै विद्यालयमा | 12000000 |
| | अपाङ्गमैत्री शौचालय सुविधा थप (४० वटा विद्यालय) | | सुविधा नभएको विद्यालयमा | 8000000 |
| | महिनावारी स्वच्छता सुविधा थप (४५ वटा विद्यालयमा) | | सुविधा नभएको विद्यालयमा | 4500000 |
| **ग)** | **स्वास्थ्य संस्था सरसफाई** | | | |
| | सम्पुर्ण सरकारी स्वास्थ्य संस्था शौचालय मर्मत (११ वटा) | | | 1100000 |
| | अपाङ्गमैत्री शौचालय सुविधा थप (.१०.वटा स्वास्थ्य संस्था) | | | 2000000 |
| | महिनावारी स्वच्छता सुविधा (११ वटा स्वास्थ्य संस्था) | | | 1100000 |
| **घ)** | **सार्वजनिक संस्था सरसफाई** | | | |
| | वडा कार्यालयहरु | | | 2000000 |
| | विषयगत कार्यालयहरु | | | 1000000 |
| | अन्य | | | 500000 |
| | जम्मा | | | 90200000 |

## ५.३.३ व्यवस्थित ठोस फोहोर व्यवस्थापन योजना

ठोस फोहोर व्यवस्थापनका सम्वन्धमा नगरपालिकामा तत्कालका लागि केहि प्रवर्धनात्मकका कार्यक्रमहरु मात्र प्रस्ताव गरिए पनि ठोस फोहोर व्यवस्थापनका लागि पनि तपसिलका कार्यक्रमहरु प्रस्ताव गरिएका छन र ति कार्यक्रमहरु अलि पछि शहरिकरण अलि बढे पछि कार्यान्वयन गरिने छ । हालको लागि समुदायबाट निस्कने फोहोरहरुलाई स्वयम समुदायले नै फोहोरको बर्गिकरण गरि कम्पोष्ट बनाउने, पुन प्रयोग गर्ने र घर घरमा फोहोर खाडल बनाइ व्यवस्थित गर्न अभियानका रुपमा स्थानिय संघ संस्था आमा समुहहरुलाई अगुवाई गर्न लगाइने छ । नगरपालिका स्तरिय वास समन्वय समितिको अनुगमन समितिको सिफारिसमा सफा र स्वच्छ टोल हरुलाई नगरपालिकाको वास कोषबाट वार्षिक रुपमा पुरस्कृत गर्ने कार्यक्रम पनि राखिनेछ ।

***तालिका नं ५.४ ठोस फोहोर व्यवस्थापन योजनाहरुको विवरण***

| क स | कृयाकलाप/ योजना | टोल | अनुमानित लागत |
|---|---|---|---|
| १ | नगरपालिकामा वातावरणिय सरसफाई शाखा गठन | | लाभान्वित जनसंख्याको आधारमा लागत अनुमान गरि तल श्रोत व्यवस्थापन शिर्षकमा राखिएको छ |

| | | | |
|---|---|---|---|
| २ | घर घरमा बाल्टि वितरण | | |
| ३ | ट्याक्टर खरिद तथा संचालन | | |
| ४ | ल्याण्डफिल साइट तयारी | | |
| | | | |

### ५.३.४ व्यवस्थित ढल व्यवस्थापन योजना

शिवराज नगरपालिकामा आगामी ५ बर्ष पछि करिव ५० प्रतिशत समुदायलाई ढल निकासको सुविधा उपलब्ध गराउने लक्ष्य लिइएको छ । बांकी ५० प्रतिशत समुदाय भने अझै पनि ग्रामिण बस्तिको रुपमा नै बसोबास गर्ने छन र उनिहरु २ खाल्डे चर्पीको प्रयोग गरि शौचालयको फोहोरलाई मलको रुपमा नै प्रयोग गर्नेछन भन्ने अनुमान गरिएको छ ।

### ५.३.५ महिनावारी स्वास्थ्य व्यवस्थापन योजना

घरधुरी सर्वेक्षण र छलफलका कममा पाएको तथ्यहरुका आधारमा धेरै जसो महिलाहरु पुर्नपयोग गर्न सकिने कपडाको प्रयोग गर्ने गरेका छन र युवतिहरुमा भने स्यानिटरी प्याडको प्रयोग गर्ने गरेको पाइएको छ तर प्रयोग गरि सके पछिको व्यवस्थापनको अवस्था नाजुक रहेको छ । महिनावारी व्यवस्थापनका लागि पुर्नप्रयोग गरिने कपडाको स्वच्छतामा भने केहि प्रश्नहरु खडा भएका छन । यसकारणले आर्थिक अवस्थामा सुधार गरि स्यानिटरी प्याड प्रयोग गर्नलाई भने प्रोत्साहन गर्नका लागि आमा समुहहरुमा वकालत गरिने छ ।

विद्यालयहरुमा भने २१ वटा विद्यालयमा मात्र महिनावारी व्यवस्थापनको अवस्था सन्तोषजनक रहेकोले अन्य बांकी बिद्यालयहरुमा पनि महिनावारी व्यवस्थापनका योजनाहरु कार्यान्वयन गरिने छ ।

### ५.३.६ साबुनपानीले हात धुने कार्य योजना

शिवराज नगरपालिकामा खाना खानु भन्दा अगाडी साबुन पानीले हात धुने घरपरिवारको करिब ८१.४६ प्रतिशत र चर्पी गए पछि साबुनपानीले हात धुने घरपरिवार ९६.७१ प्रतिशत रहेको छ । साबुनपानीले हात धुने घरपरिवारको अवस्था सन्तोषजनक रहेको भए पनि खाना खानु भन्दा अगाडी हात धुने परिवारको संख्या सत प्रतिशत गरिनु पर्ने देखिएको छ । यस कार्यका लागि विद्यालयहरुमा विद्यार्थीहरु द्वारा र समुदायहरुमा आमा समुहहरु द्वारा अभियानको रुपमा सन्चालन गरिने छ ।

## ५.४ विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन योजना

### ५.४.१ विपद जोखिम व्यवस्थापन

यस नगरपालिकामा विविध प्रकारका विपदहरुको संभावना विद्यमान रहेका छन । खडेरी, आगलागी, , भुकम्प आदि विपदहरु बारम्वार दोहोरि राख्ने विपदहरु हुन । बाढी पहिरो भुकम्प जस्ता ठुला बाढीका बेलामा खानेपानी र सरसफाईको क्षेत्रमा ठुलो असर गर्ने गरेका र व्यवस्थित गर्न नसकेमा विपदले भन्दा पनि त्यस पछिको असरले ज्यान जोखिममा परेका प्रशस्त उदाहरणहरु छन । त्यसैले बिपदका बेलामा पर्न आउने समस्यालाई ध्यानमा राखि पुर्व तयारी सहितको विपद व्यवस्थापन योजना बनाई राख्नु अनिवार्य देखिएको छ । खानेपानी र सरसफाइविपद व्यवस्थापन जोखिम न्युनिकरणका लागि उल्लेखित कायकर्महरु विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा नगरपालिकामा संचालन गरिने छ ।

- नगरपालिका तथा वडा स्तरीय समिति तथा उपसमितिहरुलाई  आपतकालिन समयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा गर्नु पर्ने पूर्व तयारी बिषयमा तालिम उपलब्ध गराइ समन्वय समितिहरुको क्षमता र सीप अभिवृद्धि गराइने छ ।
- विभिन्न क्लस्टरहरुसँग वास क्लस्टरको समन्वय गराउने ।
- विपद् सम्बन्धी तयार भएको रणनीतिक कार्य योजनालाई अद्यावधिक गर्ने ।
- नगरंपालिका तथा वडा स्तरमा जोखिमको नक्सांकन गर्ने
- पियूष, वाटरगार्ड जस्ता क्लोरिनेसन गर्ने औषधिको भण्डारण मजबुत राख्ने ।
- तुरुन्त तयार गर्न सकिने डिजाइनको चर्पी निर्माण गर्ने सामग्रीहरुको  भण्डारण गर्ने  ।
- पानीको गुणस्तर जाँच्ने विधि-औजार/उपकरणको व्यवस्था गर्ने ।
- सहजकर्ता/स्वयंसेवकहरु तलिम दिइ विपद्को अवस्थामा खानेपानी सरसफाइ तथा स्वच्छताका निमित्त परिचालन गर्ने ।
- मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मानव संसाधन तैयारी अवस्थामामा राख्ने ।
- आपत्कालिन अवस्थाको लागि शीघ्र उद्धारका कार्य पद्धतिको विकास र अवलम्बन गर्ने ।
- आपतकालिन अवस्थाको लागि तय गरिएका खुला स्थानहरुको पहिचान र जानकारी सम्पुर्ण समुदायमा गराउने
- समुदायहरुलाई जोखिम प्रतिरोधि संरचनाहरु निर्माणमा सहजिकरण गने
- नगरपालिकामा विपद जोखिम जगेडा कोष व्यवस्थापन गर्ने ।
- सूचना व्यवस्थापन ब्यवस्थित गर्ने ।
- विपद्को बेला साबुन पानीले हात धुने, सफा पानी, सुविधाको उचित मर्मत सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने ।

### ५.४.२ जलवायु परिवर्तन अनुकुलन

राष्ट्यि तथा अन्तराष्ट्यि अध्ययन अनुसन्धानले नेपाल विश्वमा नै जलवायु परिवर्तनको असरको उच्च जोखिममा रहेको बताइरहेका छन । विशेष गरि शिवराजपालिकाका सन्दर्भमा चुरे क्षेत्रको वनविनास र खोलाहरुको गिट्टी बालुवाको दोहन नै विपद तथा जलवायु परिवर्तनको कारक बनेको छ । एकल प्रयासले मात्र जलावायु परिवर्तनको असरलाई रोक्न नसकिने हुंदा जलवायु परिवर्तनलाई आत्मसात गर्दै अनुकुलनको तयारी अवस्थामा रहनुको विकल्प छैन । तसर्थ निम्न तलउल्लेखित कार्यहरु संचालन गरि जलवायु परिवर्तनका असरहरुको अनुकुलन गरिनेछ ।

- जलाधार क्षेत्रहरुको संरक्षण र प्रवर्धन गर्दै उच्च क्षेत्रहरुमा पानी पुनर्भरण पोखरीहरु निर्माण गर्ने
- बृक्षारोपण तथा बन संरक्षण गर्ने
- मानिसहरुलाई पानिको समुचित प्रयोगमा चेतना अभिवृद्धिका कार्यक्रम संचालन गर्ने
- परम्परागत मुलहरुको संरक्षण गर्ने
- खोला नालाहरु नियन्त्रणका लागि जैविक बाँधहरु निर्माण गर्न प्रश्रय दिने
- प्लास्टिक जन्य बस्तुको अधिक प्रयोगमा नियन्त्रण गर्ने

### ५.५ बैकल्पिक प्रविधि

खानेपानी तथा सरसफाईको क्षेत्रको दिगो व्यवस्थापनका लागि नविनतम अनुसन्धान गर्नु र अन्य स्थानमा प्रयोग भई उपयोगी भएका प्रविधिहरु अवलम्वन गर्नु आवश्यक देखिएको छ । यस्ता प्रविधिहरु वतावरणमैत्रि, प्रयोगकर्तामैत्रि, आर्थिक रुपमा सवल, कार्यान्वयन गर्न सहज, मर्मत सम्भार गर्न सहज हुनु अनिवार्य छ । अन्य स्थानहरुमा अवलम्वन गरि उपयोगी भएको तपसिलका प्रविधिहरु अवलम्वन गर्नु गाँउपालिका तत्पर देखिएको छ ।

***तालिका नं ५.६ खानेपानीका बैकल्पिक प्रविधिहरु***

| योजनाको प्रकार | बैकल्पिक प्रविधिहरु | कैफियत |
|---|---|---|
| खानेपानी योजना | ▪ ग्राविटि प्रविधिको खानेपानी योजना<br>▪ आकाशे पानी संकलन<br>▪ मुल सुधार<br>▪ सौर्य वा विद्युतिय पानी तान्ने प्रविधि<br>▪ पानीको बहुउपयोग गरिने प्रविधि<br>▪ थोक वितरण प्रणाली | ▪ ग्राविटि प्रविधिको खानेपानी योजनालाई पहिलो प्राथमिकता दिने<br>▪ पानीको पंहुच नपुगेका, अति विपन्न समुदायलाई प्राथमिकता |
| सार्वजिनिक र संस्थागत वास | ▪ लैगिंकमैत्रि, अपाङ्गमैत्रि, तथा बालमैत्रि संरचना | ▪ पानीको उपलब्धता<br>▪ नियमित मर्मत सम्भार व्यवस्था |
| वातावरणिय सरसफाई | ▪ चर्पि (इकोसान, शुलभ, सुख्खा) को कम्पोष्टिङ्ग प्रविधि<br>▪ ढलनिकास व्यवस्थापन<br>▪ खेर गएको पानीको करेसाबारीमा प्रयोग | स्थानिय श्रोत साधनहरुको अधिकतम प्रयोग तथा दिगो विकास पद्धति |
| पुनर्भरण पोखरी प्रविधि | जलाधार क्षेत्रको उच्चतम क्षेत्रहरुमा पोखरीहरु तथा कुलोहरुको निर्माण | गाइवस्तुलाई पानी समेत खुवाउन मिल्ने सुरक्षित संरचना |
| योजना तथा जलाधार क्षेत्र संरक्षण | ▪ जैविक संरक्षणका उपायहरु<br>▪ वृक्षारापण<br>▪ श्रोतहरुको बारबन्देज तथा संरक्षण | माटो बग्न नदिने प्रविधिको प्रयोग तथा सतहमा बग्नेपानी नियन्त्रण |
| धुँवा रहित चुल्हो | ▪ माटोको धुँवा रहित चुल्हो<br>▪ फलामको धुँवा रहित चुल्हो | ▪ स्थानिय मिस्त्रिहरुको क्षमता विकास<br>▪ समुदायको चेतना अभिबृद्धि |
| गोबर ग्याँस | ▪ विभिन्न साइजका गोबर ग्याँस | ▪ गोबर ग्याँस कम्पनिहरु संगको सम्वन्वय |

## ५.६ पालिका स्तर तथा समुदाय स्तर क्षमता विकास योजना

### ५.६.१ पालिका स्तर क्षमता अभिबृद्धि योजना

नगरपालिकामा खानेपानी तथा सरसफाइ कार्य सम्पादनका लागि कर्मचारीहरु निर्दिष्ट नगरे पनि खानेपानी र सरसफाइका पुर्वाधारहरुको विकासका लागि योजना तथा प्राविधिक शाखा जिम्मेवार निकाय रहेको छ । आगामी दिनमा ठोस तथा तरल फोहोर व्यवस्थापन कार्य सम्पादानको प्रयोजनका लागि वातावरण तथा सरसफाइ शाखा गठन गरि त्यसमा कार्यरत कर्मचारीहरुका लागि खानेपानी र वातावरण्यि सरसफाई

सम्बन्धि तालिम, पानी परिक्षण, फोहोर मैला व्यवस्थापन, ल्याण्डफिल साइट व्यवस्थापन र ढल फोहोर शुद्धिकरण सम्वन्धि तालिम तथा क्षमता अभिबृद्धिका साथै सुचना व्यवस्थापन तालिमको व्यवस्था गरि क्षमता अभिबृद्धि गरिने छ ।

### ५.६.२ समुदाय स्तर क्षमता अभिबृद्धि योजना

समुदायस्तरमा तालिमहरु केहि छानिएका व्यक्तिहरु मात्र संलग्न हुने औपचारिक र खर्चिला कार्यक्रमहरु भन्दा अभियानका रुपमा सबै समुदायहरुलाई समेटने कार्यक्रमहरु गरिने छ । तथापि केहि क्षमता विकासका क्रियाकलापहरु गाउँसभाको निर्णय र प्राथमिकताको आधारमा वडाहरुको सिफारिस र नगरपालिका वास समन्वय समिति र नगर कार्यपालिकाको निर्णय पश्चात वार्षिक कार्यक्रममा समावेश गरी गरिने छ ।

- पम्प अपरेटर तालिम ।
- मर्मत सम्भार कार्यकर्ता तालिम ।
- उपभोक्ता समिति व्यवस्थापन तथ लेखा तालिम ।
- खानेपानी सुरक्षा योजना तालिम ।
- लैगिंक समानता तथा समाजकि समावेसिकरण तालिम ।
- पूर्ण सरसफाई, सरसफाई तथा स्वच्छता
- वडा तहमा क्षमता विकासका तालिम तथा अभिमुखीकरणहरु
- जलवायु परिवर्तन अनुकुलन तथा प्रकोप जोखिम न्यूनीकरण तालिम आदि ।

## ५.७ पुरक विषय सवाल (Cross-cutting Issues) र सम्वोधन योजना

यस नगरपालिकामा खानेपानी, सरसफाई र स्वच्छताका सवालमा निम्न तल उल्लेखित पुरक विषय वा सवालहरु विद्यमान रहेका छन जसलाई सम्वोधन गर्ने योजना यो वास योजनामा परिकल्पना गरिएको छ ।

### ५.७.१ लैगिंक तथा समावेसिकरण मुलप्रवाहिकरण

नेपाल बहुभाषिक, बहुजातिय, बहुजातिय र बहु भौगोलिक अवस्था भएको राज्य हो । समाजमा व्याप्त अन्ध विश्वास र रुढिवादीका अलावा निम्न शैक्षिक स्तरका कारण पनि समाजमा असमानता हरु विद्यमान रहेका छन । जसका कारणबाट समाजमा रहेका बिभिन्न श्रोतहरुको असमान वितरण तथा उपयोग भएको हुने गरेको छ । यस वास योजनामा खानेपानी तथा सरसफाईका सेवाको न्यायोचित वितरण तथा उपभोग गर्ने सवालमा समेत बिचार पुऱ्याएर योजना छनौट तथा कार्यान्वयन र मर्मत सन्चालन प्रकृया र निति निर्माण तहमा पछाडि पारिएका समुदायहरुको संलग्नतालाई प्रत्याभुति गरिने छ । योजनाको प्राथमिकिकरणको पहिलो बुदाँमा नै पछाडि पारिएका र हाल सम्म उपभोगको अधिकारबाट वन्चित समुदायलाई प्राथमिकतामा राख्ने उल्लेख गरेर जातिय, धार्मिक र अति गरिबीको कारणले बन्चितिमा परेका समुदायहरुमा पहिलो चरणमा नै कार्यक्रमहरु प्रस्ताव गरि कार्यान्वयनमा जाने परिकल्पना गरिएको छ ।

संविधानमा नै व्यवस्था भए बमोजिम महिलालाई निति निर्माण तहमा आवद्ध गराउनका लागि विभिन्न समितिहरुको पदाधिकारीमा अनिवार्य संलग्नताको नितिका अलावा महिला मैत्रि वास सेवा निर्माणमा पनि बिशेष ध्यान दिईने छ ।

### ५.७.२ प्रयोगकर्ता मैत्रि संरचना निर्माण योजना

यस वास योजना कार्यान्वयनको शिलशिलामा निर्माण हुने सम्पुर्ण खानेपानी तथा शौचालयका संरचनाहरु प्रयोगकर्ता मैत्रि हुनेछन ।

| | |
|---|---|
| महिला मैत्रि वास सेवा | ● युरिनल सहितको महिला पुरुषका लागि बेग्ला बेग्लै शौचालय<br>● पुरुषको युरिनल करिब ३ फिटको उचाइमा भने महिलाको भुंइमा टायल लगाएको हुनु पर्ने<br>● महिला युरिनलको तरल पदार्थ राम्रो संग बग्ने गरि भिरालोपन मिलाएको हुनुपर्ने<br>● शौचालयको ढोका खुला हुंदा पनि चर्पी कोठा र युरिनल बाहिरबाट नदेखिने गरि डिजायन गरिएको हुनु पर्छ<br>● चर्पीको प्रत्येक कोठामा स्यानिटरि प्याड राख्नको लागि ढकन भएको बाल्टिन अनिवार्य राखिएको हुनु पर्नेछ<br>● शौचालयको कोठामा पर्याप्त ठाउँ राखिएको हुनु पर्छ |
| बालमैत्रि वास सेवा | ● बिभिन्न उमेर समुहका बच्चाहरुका लागि हात धुने बेसिन र धाराको साइजमा विविधता हुनुपर्ने<br>● शौचालयका भित्तहरुमा बिभिन्न रंगिन सन्देसमुलक चित्रहरु कोरिएको हुनु पर्छ |
| अपाङ्गमैत्रि वास सेवा | ● कोठाको साइज सामान्य भन्दा ठुलो हुनु पर्ने जसले गर्दा ह्विल चेयर सजिलै घुमाउन सकियोस<br>● शौचालय जाने बाटो र वरण्डामा पनि ह्विल चेयर सजिलै जाने खालको फराकिलो बनाउनु पर्ने<br>● भित्रि कोठाको भित्ताहरुमा ह्याण्डलहरु राखिएको हुनु पर्दछ जसको कारणले शारिरक अशक्तता भएका व्यत्तिले सहजताक साथ चर्पी प्रयोग गर्न सकुन<br>● दृष्टि विहिनहरुका लागि विशेष चिन्ह भएको वाटो निर्माण गर्नु पर्ने |
| अन्य | ● ढोकाको साइज सबै साइजका व्यक्तिलाई मध्यनजर गरि बनाउन पर्ने<br>● ढोका बाहिर नै हातधुने बेसिन राखिनु पर्ने<br>● ढोका जहिलेपनि भित्र तिर खोलिन पर्ने र ह्याण्डल दाहिने हात तिर पारिनु पर्ने<br>● हात धोएको पानी युरिनल भएर बग्ने बनाउनु पर्ने |

# अध्याय ६ : श्रोत विश्लेषण

## ६.१ आवस्यक बजेट

### ६.१.१ खानेपानी सेवा नयां निर्माण तथा स्तरोन्नतिका लागि आवधिक योजना

| आ व | आ व ०७६/०७७ | आ व ०७७/०७८ | आ व ०७८/०७९ | आ व ०७९/०८० | आ व ०८०/०८१ |
|---|---|---|---|---|---|
| जम्मा | | 102,648,000 | 121,248,000 | 143,244,000 | 49,236,000 |

| आ व | आ व ०८१/०८२ | आ व ०८२/०८३ | आ व ०८३/०८४ | आ व ०८४/०८५ | आ व ०८५/०८६ |
|---|---|---|---|---|---|
| जम्मा | 57,252,768 | | | | |

### ६.१.२ घरयासी सरसफाई सेवा सुधारका लागि आवधिक योजना

घरयासी शौचालयका लागि सम्पुर्ण खर्चहरु समुदाय आफैंले व्यहोर्ने छ तर शारिरिक अपाङ्गता भएका व्यक्ति, बृद्ध बृद्धा मात्र भएका घरहरु, एकल महिलाहरु मात्र भएको परिवारलाई मात्र आर्थिक सहयोग गरिने नगरपालिकाको निति भएको सन्दर्भ यो कार्यको लागि बजेट प्रस्ताव गरिएको छैन केवल लक्ष्य मात्र तय गरिएको छ र घरयासि शोचालय निमौणका लागि व्यापक रुपमा घरदैलो र स्थानिय संघसंस्थाहरुलाई प्रोत्साहन गरि आ व ०७७/०७८ सम्ममा सम्पन्न गर्ने गरि अभियान संचालन गरिनेछ ।

**तालिका नं ६.२ घरयासी शौचालयको आवधिक लक्ष्य**

| वडा नं | नयां तथा स्तरोन्नति गर्नु पर्ने घरधुरी | आ व ०७६/०७७ | आ व ०७७/०७८ | आ व ०७८/०७९ | आ व ०७९/०८० |
|---|---|---|---|---|---|
| १ | | 1134750 | 1134750 | | |
| २ | | 77250 | 77250 | | |
| ३ | | 137250 | 137250 | | |
| ४ | | 232500 | 232500 | | |
| ५ | | 51000 | 51000 | | |
| ६ | | 597000 | 597000 | | |
| ७ | | 220500 | 220500 | | |
| ८ | | 448500 | 448500 | | |
| ९ | | 243750 | 243750 | | |
| १० | | 162750 | 162750 | | |
| ११ | | 306750 | 306750 | | |
| | | 3612000 | 3612000 | | |

### ६.१.३ संस्थागत सरसफाई सेवा सुधारका लागि आवधिक योजना

| वडा नं | सुविधाबाट बन्चित घरधुरी | जम्मा लागत | आ व ०७६/०७७ | आ व ०७७/०७८ | आ व ०७८/०७९ | आ व ०७९/०८० | आ व ०८०/०८१ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय सरसफाई सेवा सुधार | 24500000 | 6100000 | 6100000 | 6100000 | 6200000 | |
| २ | स्वास्थ्य संस्था सरसफाई सेवा सुधार | 4200000 | 1400000 | 1400000 | 1400000 | | |
| ३ | सार्वजनिक शौचालय निर्माण तथा संचालन | 65746105 | 3000000 | 4950000 | 5445000 | 5989500 | 6588450 |
| ४ | सार्वजनिक संस्था सरसफाई सेवा सुधार | 350000 | | 1000000 | 1000000 | 1500000 | |
| जम्मा | | | 10500000 | 13450000 | 13945000 | 13689500 | 6588450 |

| वडा नं | सुविधाबाट बन्चित घरधुरी | आ व ०८२/०८३ | आ व ०८३/०८४ | आ व ०८४/०८५ | आ व ०८५/०८६ | आ व ०८६/०८७ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय सरसफाई सेवा सुधार | | | | | |
| २ | स्वास्थ्य संस्था सरसफाई सेवा सुधार | | | | | |
| ३ | सार्वजनिक शौचालय निर्माण तथा संचालन | 7247295 | 7972024 | 11692303 | 12861533 | |
| ४ | सार्वजनिक संस्था सरसफाई सेवा सुधार | | | | | |
| जम्मा | | 7247295 | 7972024 | 11692303 | 12861533 | |

### ६.१.४ ठोस फोहोर व्यवस्थापन आवधिक योजना

| वडा नं | सुविधाबाट बन्चित जनसंख्या | आ व ०८२/०८३ | आ व ०८३/०८४ | आ व ०८४/०८५ | आ व ०८५/०८६ | आ व ०८६/०८७ | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| १ | 9761 | 3,904,400 | 4,294,840 | 4,724,324 | 5,196,756 | 5,716,432 | 23,836,752 |
| २ | 5301 | 2,120,400 | 2,915,550 | 2,565,684 | 2,822,252 | 3,104,478 | 13,528,364 |
| ३ | 8111 | 3,244,400 | 4,461,050 | 3,925,724 | 4,318,296 | 4,750,126 | 20,699,596 |
| ४ | 6820 | 2,728,000 | 3,751,000 | 3,300,880 | 3,630,968 | 3,994,065 | 17,404,913 |
| ५ | 9959 | 3,983,600 | 5,477,450 | 4,820,156 | 5,302,172 | 5,832,389 | 25,415,766 |
| ६ | 6476 | 2,590,400 | 3,561,800 | 3,134,384 | 3,447,822 | 3,792,605 | 16,527,011 |
| ७ | 3475 | 1,390,000 | 1,911,250 | 1,681,900 | 1,850,090 | 2,035,099 | 8,868,339 |
| ८ | 5437 | 2,174,800 | 2,990,350 | 2,631,508 | 2,894,659 | 3,184,125 | 13,875,441 |
| ९ | 7630 | 3,052,000 | 4,196,500 | 3,692,920 | 4,062,212 | 4,468,433 | 19,472,065 |
| १० | 3701 | 1,480,400 | 2,035,550 | 1,791,284 | 1,970,412 | 2,167,454 | 9,445,100 |
| ११ | 6876 | 2,750,400 | 3,781,800 | 3,327,984 | 3,660,782 | 4,026,861 | 17,547,827 |
| | **13558** | **73547** | **29,418,800** | **39,377,140** | **35,596,748** | **39,156,423** | **186,621,176** |

### ६.१.५ ढल व्यवस्थापन कार्यक्रम आवधिक योजना

| वडा | सुविधाबाट | आ व | आ व | आ व | आ व | आ व |
|---|---|---|---|---|---|---|

| नं | बन्चित जनसंख्या | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ |
|---|---|---|---|---|---|---|
| १ | 9761 | 24,402,500 | 26,842,750 | 29,527,025 | 2,598,378 | 35,727,700 |
| २ | 5301 | 13,252,500 | 14,577,750 | 16,035,525 | 1,411,126 | 19,402,985 |
| ३ | 8111 | 20,277,500 | 22,305,250 | 24,535,775 | 2,159,148 | 29,688,288 |
| ४ | 6820 | 17,050,000 | 18,755,000 | 20,630,500 | 1,815,484 | 24,962,905 |
| ५ | 9959 | 24,897,500 | 27,387,250 | 30,125,975 | 2,651,086 | 36,452,430 |
